म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २७ शनिबार ९ भदौ २०८० ने. सं. ११४३ गुलाथ्व 26 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पहिरो पन्छाएर कान्तिलोकपथ खुलाइयो

हेटौँडा, ८ भदौ/पहिरोका कारण अवरुद्ध बनेको कान्तिलोकपथ संचालनमा आएको छ । बागमती प्रदेशको राजधानी हेटौँडाबाट संघीय राजधानी काठमाडौँ जोड्ने छोटो मार्ग अन्तरगत पर्ने कान्तिलोकपथ सडकखण्डको पहिरो हटाएपछि संचालनमा आएको हो । गएराति परेको वर्षासँगै विभिन्न स्थानमा पहिरो जाँदा यो सडकखण्ड अवरुद्ध बनेको थियो । यो सकडखण्ड अन्तरगत ललितपुरको भट्टेडाँडास्थित विभिन्न स्थानमा पहिरो जाँदा अवरुद्ध बनेको कान्तिलोकपथ शुक्रबार बिहान सवा १० बजेदेखि पुन: संचालनमा आएको मकवानपुर प्रहरीले जनाएको छ । पहिरो गएको स्थान ललितपुर र मकवानपुर जिल्लाको सीमाना नजिकै पर्दछ । यस्तै, संघीय राजधानी काठमाडौँ जोड्ने त्रिभुवन राजपथ, पूर्व-पश्चिम राजमार्ग र भीमफेदी-कुलेखानी सडकखण्डमा भने यातायात संचालनमा रहेको छ ।

# हेटौंडा कपडामा मन्त्री चित्रकारको चासो, पुन:सञ्चालन कति सम्भव ?

निशा गुरुङ

हेटौंडा, ८ भदौ/झण्डै २४ वर्षदेखि बन्द रहेको हेटौंडाको कपडा उद्योगमा बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारको नजर परेको छ । मन्त्रालयको कार्यभार सम्हालेको तेस्रो दिनमै मन्त्री चित्रकारको नजर कपडा उद्योगमा परेको हो ।

शुक्रवार बिहानै मन्त्री चित्रकारले कपडा उद्योगमै पुगेर निरीक्षण गरेका थिए । उनले हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख क्षेत्रव्यवस्थापक भोजराज बिनाडीसँग भेटेर कपडा उद्योगको अवस्था र सञ्चालन गर्न सक्ने सम्भावनका विषयमा चासो राखेका थिए ।

निरीक्षणपश्चात मन्त्री चित्रकारले उद्योगलाई पुन:सञ्चालन नगरेसम्म मुलुकको आर्थिक स्थितिलाई सुधार गर्न नसक्ने बताए । चित्रकारले रोजगार सिर्जना गर्न र मुलुकको अहिलेको अर्थतन्त्रलाई सुधार गर्न यस्ता खालका उद्योगहरु सञ्चालनमा ल्याउनुपर्ने धारणा राखे । मन्त्री चित्रकारले प्रदेश सरकारले चालु आर्थिक वर्ष आव २०८०/८१ सालको बजेटमा उद्योगको विषयमा प्रष्ट बोलेको बताउँदै संवैधानिक रुपमा उद्योग सञ्चालन गर्ने एकल अधिकार प्रदेश सरकारलाई दिएपनि कानुनी अड्चनले गर्दा कार्वान्यिन गर्न नसेको उनले बताए ।

मन्त्री चित्रकारले कपडा उद्योग सञ्चालन गर्न तत्काल ऐनहरु संसोधन गर्ने तयारी गरेको जानकारी दिए । आफूले पदबहाली गरेकै दिन तीनवटा ऐनका लागि विद्येयक तयार पारेर संसोधन प्रस्ताव तयार गरी संसदमा लाने निर्णय गरेको बताए । 'एउटा हष्तकला ग्रामको कुरा नयाँ



विधेयकको रुपमा लाने निर्णय भईसकेको छ । दोश्रो कुरा व्यावसायिक ऐनलाई संसोधन गर्ने र औद्योगिक विकास ऐनलाई संसोधन गर्ने कुरा हामीले लगिसकेका छौं ।', मन्त्री चित्रकारले भने- 'पहिलो निर्णय नै हामीले ऐनमा, कानुनमा सुधार गर्ने पहलकदमी गरेका छौं ।',

मन्त्री चित्रकारले हेटौंडा कपडा उद्योग निरीक्षण चर्चाको लागि मात्रै नभई महत्वपूर्ण एजेण्डा बनाउन रहेको बताए । उनले संविधानमा उद्योग प्रदेश सरकारले हेर्ने भन्ने कुरा प्रष्ट राखेपनि कानुनी प्रवन्ध संघीय सरकारकै मातहतमा भएकोले त्यसलाई पहिला प्रदेशमा ल्याउने विधि प्रक्रिया अगाडि बढाउने बताउँदै संघीय उद्योगमन्त्री रमेश रिजालसँग भेटेर अगाडि बढ्ने बताए । औद्योगिक विकासलाई व्यावसायिक प्रवर्द्धन गर्नका लागि बागमती प्रदेश सरकार प्रतिवद्ध रहेको दावी गरे ।

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख क्षेत्रव्यवस्थापक बिनाडीले उद्योगको भवनको स्तरोन्नति गर्नुपर्ने अवस्था रहेको बताए । पुरानो मेसिनले अहिलेको बजारमा प्रतिस्पर्धा गर्न नसक्ने हुँदा मेसिन परिवर्तन गर्नुपर्ने वा नयाँ थप गर्नुपर्ने क्षेत्र व्यवस्थापक बिनाडी बताउँछन् । बिनाडीले भौतिक पूर्वाधार काम लाग्ने भएपनि कपडा उद्योगको मिल मेशनरी मर्मत सम्भार गर्दा सञ्चालमा आउन सक्ने सम्भावना रहेको बताए । उनका अनुसार उद्योगमा रहेका मेसिन मर्मत गर्न चीनबाट जनशक्ति ल्याउनुपर्छ ।

चीन सरकारको लगानीमा स्थापना भएको हेटौंडा कपडा उद्योग २४ वर्षदेखि बन्द छ । २०३२ सालमा निर्माण भएको उद्योग २०४६ को राजनीतिक परिवर्तन पछि लगातार घाटामा गएको र २०५७ फागुन १ बाट बन्द भएको हो । सरकार परिवर्तनसँगै उद्योग सञ्चालन गर्ने वा उत्पादन बन्द गरेर सम्पत्ति बाँडफाँट (लिक्विडेसन) को प्रक्रियामा जाने भन्नेबारे अन्योल हुँदा २२ वर्षसम्म सञ्चालन भएको उद्योग पूर्णरुपमा बन्द हुन पुगेको थियो । विभिन्न समयमा उद्योग सञ्चालन गर्ने भन्दै सरकारले बजेट विनियोजन गरे पनि उद्योगमा रहेका पुराना मेसिन र कच्चापदार्थको अभावमा रोकिँदै आएको छ ।

पछिल्लो पटक सुरक्षा निकायको पोशाक उत्पादन गर्नेगरी नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको लगानीमा उद्योग सञ्चालन गर्ने तयारी भए पनि प्रक्रिया अघि बढ्न सकेको थिएन । बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री चित्रकारले उद्योगलाई उपयुक्त ढाँचामा सञ्चालन गर्ने बताए पनि सहज भने देखिँदैन । उद्योगमा ४ सय ८६ वटा कपडा बुन्ने तान र १४ हजार ६ सय ८८ वटा स्पिन्डल छन् ।

हाल औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उद्योगको रेखदेख गरिरहेको छ । उद्योगका धेरै मेसिन अहिले पनि चलाउन सकिने अवस्थामा रहेको विभिन्न अध्ययनले देखाएको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । कार्यालयका अनुसार उद्योगको वार्षिक क्षमता २ हजार ३ सय मेट्रिकटन धागो, २ करोड ५० लाख मिटर कपडा तथा दिनमै ३६ हजार मिटर कपडा उत्पादन गर्न सक्ने थियो । तत्कालीन समयमा स्वदेशमा उत्पादन भएको कपास प्रयोग गर्दै उद्योगले मुलुकलाई सुती कपडामा आत्मनिर्भरसमेत बनाएको थियो । उद्योग पूर्णरुपमा सञ्चालन हुँदा करिब १२ सय कर्मचारीले एकै छानामुनी रोजगारी समेत पाएका थिए ।

**पटक-पटक चर्चा मात्रै**

हरेक पटक सरकार परिवर्तन भएसँगै यसको भविष्वबारे चर्चा भइरहन्छ तर, हालसम्म ठोस काम भएको छैन । प्रचण्ड नेतृत्वको अघिल्लो सरकारले उद्योग सञ्चालन गर्न ८ करोड रुपैयाँ छुट्याएको थियो । ६ करोड रुपैयाँ खर्चेर मेसिन मर्मत गरी उत्पादनको परीक्षण भए पनि आवश्यकताअनुसार कपास उपलब्ध नभएको भन्दै उद्योग सञ्चालनमा आएन ।

२०६६ कात्तिकमा उद्योगलाई दोस्रो पटक लिक्विडेसनमा लैजाने प्रक्रिया अगाडि बढाइएको थियो । २०६९ माघ १२ को मन्त्रिपरिषद् बैठकले उद्योगको सम्पत्ति सेयर लगानीका रुपमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभ्ने निर्णय गरेको थियो । हेटौंडा औद्योगिक क्षेत्रभित्र २ सय ३६ रोपनी जग्गामा कपडा उद्योग र २ सय ५६ रोपनी जग्गामा आवास रहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।

उद्योगमा हाल सशस्त्र प्रहरी बलको गण नम्बर १४ को कार्यालय छ । जहाँ ३ सयभन्दा बढी सुरक्षाकर्मी बसिरहेका छन् । उद्योगको आवासीय क्षेत्रको जग्गामा भने नयाँ औद्योगिक क्षेत्र स्थापना गरिएको छ । यो क्षेत्रमा नयाँ ५० उद्योग स्थापना गर्न सकिने गरी सबै जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन समितिले उद्योग स्थापनाका लागि उद्योगीलाई दिएको छ । कुल ३ हजार १ सय १९ रोपनी क्षेत्रफलमा औद्योगिक क्षेत्र फैलिएकोमा हाल ११० वटा उद्योग सञ्चालनमा छन् ।

# सहकारी क्षेत्रको समस्या समाधानमा जनप्रतिनिधिको नेतृत्व आवश्यक: देवकोटा



साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ देशव्यापी आर्थिक मन्दिका कारण पछिल्लो समय सहकारी क्षेत्रमा देखिएको समस्यालाई सहज तरिकाले समाधान गर्न पालिकास्तरमा जनप्रतिनिधिहरुको सक्रिय नेतृत्वको आवश्यकता औंल्याइएको छ ।

बागमती प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाले देशमा व्याप्त आर्थिक मन्दिको असर सहकारी क्षेत्रमा पनि परेको भन्दै त्यसको उचित समाधान गर्न प्रत्येक पालिकामा सहकारी क्षेत्रलाई नियमन गर्न जनप्रतिनिधि सम्मिलित समितिको आवश्यकता रहेको बताएका हुन् । 'अहिले पालिकास्तरमा सहकारी क्षेत्रलाई हेर्ने एउटा शाखा व्यवस्था गरिएको छ', उपाध्यक्ष देवकोटाले उक्त शाखाले मात्र वर्तमानमा देखिएको समस्या समाधान गर्न सक्ने अवस्था नरहेको स्पष्ट पारे ।

'अहिले पालिकास्तरमा व्यवस्था गरिएको शाखाले सबै सहकारीमा भएको समस्या पहिचान गर्ने र समाधान गर्ने कार्य गर्न सम्भव देखिएन', उपाध्यक्ष देवकोटाले जनप्रतिनिधि सम्मिलित समिति बनाएर सहजीकरण गर्ने हो भने यो समस्या समाधान चाँडै गर्न सकिने बताए । वर्तमान समयमा सदस्य केन्द्रित रहेर कारोबार गर्ने सहकारीहरु खासै ठूलो आर्थिक समस्यामा नहरेको भन्दै उपाध्यक्ष देवकोटाले थोरै शेयर लिएर धेरै सदस्यमा बचत तथा ऋण कारोबार गर्ने र बहुउद्देश्यीय ढंगले कारोबार फैल्याउने सहकारीहरु समस्यामा परेको स्पष्ट पारे ।

'सदस्यहरुले लिएको ऋणको साँवा र व्याज नियमित भुक्तानी गर्ने सहकारीहरु एकदम बलियो आर्थिक अवस्थामा छन्', उपाध्यक्ष देवकोटाले सदस्यहरुले नियमित मासिक बचत नगर्ने, लिएको ऋणको साँवाब्याज भुक्तानी नगर्ने गरेका कारण सहकारीहरु धरासायी हुने अवस्थामा आएको स्पष्ट पारे ।

हेटौंडा उपमहानगरपालिका वडा नं. १ स्थित सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४ औं वार्षिकोत्सव कार्यक्रम उद्घाटन गर्दै उपाध्यक्ष देवकोटाले सहकारीका सदस्यहरुले इमान्दारिताका साथ सहकारीमार्फत् आर्थिक कारोबार अगाडि बढाउने हो भने सहकारी क्षेत्रले वर्तमान आर्थिक मन्दिको अवस्थामा ठूलो योगदान दिन सक्ने विश्वास व्यक्त गरे ।

सुन्दर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शम्भु नकर्मीको सभाध्यक्षतामा भएको वार्षिकोत्सव कार्यक्रममा संस्थाका सचिव तथा १ नं. वडाध्यक्ष सविन न्यौपानेले सहकारी संस्थाबाट ऋण लिने सदस्यहरुले साँवाब्याज भुक्तानीमा आनाकानी गरेका कारण सहकारीले नियमित ऋण प्रवाह गर्न नसकेको बताए । 'ऋण लिनेले तिर्दैनन्, सदस्यहरुले नियमित बचत गर्दैनन्, अनि कसरी सहकारी संस्थामा आर्थिक कारोबार चुस्त तरिकाले चल्छ ?', सचिव न्यौपानेले खराब ऋण उठाउन नसके सहकारी संस्थाहरु धरासायी हुनसक्ने बताए ।

संस्थाका कोषाध्यक्ष दीपक देवकोटाले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष गोपालबहादुर थापा, सल्लाहकारहरु फणिन्द्रप्रसाद तिमल्सिना, डीबी थापा र केदार लाल श्रेष्ठ, लेखा समिति संयोजक एसिस रिजालगायत कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु र सहकारीकर्मीहरुको सहभागीता थियो । यसअघि स्थानीय ॐ बृद्धाश्रममा खाद्यान्न तथा आर्थिक सहयोग, खेलकुद, रक्तदान कार्यक्रम गरी वार्षिकोत्सव मनाउँदै आएको सहकारीले यसवर्ष आर्थिक मितव्ययिता अपनाउँदै कार्यालयमा औपचारिक कार्यक्रम आयोजना गर्दै केक काटेर वार्षिकोत्सव मनाएको हो ।

# रहेनन् साहित्यकार तुल्सी थापा

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचारको क्रममा साहित्यकार तुल्सी थापाको ७८ वर्षको उमेरमा शुक्रवार बिहान निधन भएको छ । साहित्यकार थापालाई निमोनिया, मधुमेह, र रक्तचापसम्बन्धी समस्या थियो ।

साहित्यकार निमेष निखिलका अनुसार थापाको पार्थिव शरीर चितवनको देवघाट धाममा अन्तिम संस्कार गर्ने तयारी परिवारले गरेको छ । शनिबार देवघाटधाममा अन्तिम संस्कारका लागि हेटौंडाबाट ३ वटा बसमा सहभागी हुन जाने तयारी गरिएको साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेले जानकारी दिइन् ।

मुटुसम्बन्धी समस्या भएका कारण पेसमेकर समेत जडान गरिएकोले पेसमेकर निकाल्न केही समय लाग्नेछ । शिक्षण पेशाबाट सेवानिवृत्त भएपछि थापाले साहित्य रचनामा विशेष योगदान दिएका छन् ।

थापाको दाना कविता संग्रह 'एक निमेष अनन्तको (२०५८)', 'अमर सिंहको खोजीमा अमर सिंह' (नाटक २०६१) र कथासंग्रह 'फरक आकाश' (२०७२) प्रकाशित छन् । थापाले कविता विधामा नयाँ दाना कविताको सुरुवात



समेत गरेका थिए । थापा भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका पूर्वअध्यक्ष समेत हुन् । थापाले गोरखादक्षिणबाहु चौथो (२०४४), नारायणी वाङ्मय पुरस्कार (२०५८) सहित विभिन्न सम्मान प्राप्त गरेका थिए ।

थाहानगरस्थित जनकल्याण माविमा २०२७-२०३१ र २०३४-०३६ सम्म प्रधानाध्यापकको भूमिकामा काम गरेका थापाले हाल कैलाश गाउँपालिका नामटारस्थित कालिका माविमा पनि लामो समय प्रधानाध्यापकको जिम्मेवारी सम्हालेका थिए । चेपाङ भाषा तथा संस्कृतिमा पनि योगदान गरेका थापा हेटौडा-११ का स्थायी बासिन्दा हुन् ।

शैक्षिक सुधारक, साहित्यिक व्यक्तित्व, शालीन, मृदुभाषी, सरल स्वभावका, सबैका प्रिय तुल्सी थापा सरको देहावसानको खवरले दुखित बनाएको भन्दै दिवम्गत आत्माको चीरशान्तिको कामना गर्दै सामाजिक सञ्जालमा ब्यापक रुपमा श्रद्धाञ्जली अर्पण गरिएको छ । स्वर्गीय थापाको अन्तिम संस्कारमा सहभागी हुन चाहनेहरुका लागि शनिबार बिहान ६ बजे साहित्य संगमबाट र ६:३० बजे त्रिभुवन मावि नवलपुरबाट सवारी साधनको ब्यवस्थापन गरिएको संगमले जनाएको छ ।

# मनहरीमा घटनादर्ता अनलाइनबाट गर्न सकिने

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ मनहरी गाउँपालिकाले सेवाग्राहीलाई सहज सुविधा प्रदान गर्न घरबाटै ब्यक्तिगत घटना दर्ताको फारम भर्ने भएको छ । वडा कार्यालय पुगेर लाइनमा बसी घटना दर्ता गरिने प्रक्रिया झन्झटिलो भएकाले सहज सुविधाका लागि अनलाइन मार्फत् यो सेवा बिस्तार गरिएको कार्यालयका एमआइएस अपरेटर दीपक अधिकारीले जानकारी दिए ।

अबदेखि जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइँ सराई र सम्बन्ध बिच्छेद जस्ता ब्यक्तिगत घटना दर्ताका लागि घरबाटै अनलाइनमार्फत प्रक्रिया पूरा गरी फारम भर्ने र ३५ दिनभित्र सम्बन्धीत वडा कार्यालयमा सम्पर्क गरी स्थानीय पञ्जिकाधिकारीबाट प्रमाणपत्र लिन अधिकारीले आग्रह गरे ।

## सूचना ! सूचना ! सूचना !

यही आउने भदौ १६ गते काठमाडौं शहिद गंगालाल हृदय केन्द्र काठमाडौंबाट बरिष्ठ मुटु रोग विशेषज्ञ डा. विवेक बानियाँ आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High Blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नुहोला ।

**हाम्रो सेवाहरू :**

- ECHO मुटुको भिडिओ एक्स-रे सेवा
- E.C.G. भिडिओ एक्स-रे सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुती सम्बन्धी सेवा
- नाक, कान तथा घाँटी रोग सम्बन्धी सेवा

*सम्पर्क :*

**मकवानपुर पोलिक्लिनिक**

हेटौंडा-०१, भिन्तुनापथ

(सञ्चो हस्पिटल अगाडि, मकवानपुर सहकारी हस्पिटल सँगै)

सम्पर्क नं. : ०५७-५२५६०१, ९८४५२३७६११, ९८०७१३१३६४

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# सन् २०२३ प्रविधि उद्योगका लागि सर्वाधिक खराब वर्ष

## २ लाख २६ हजारले गुमाए जागिर



विश्वका विभिन्न प्रविधि कम्पनीहरुमा कार्यरत २ लाख २६ हजार मानिसहरुले चालु वर्ष सन् २०२३ मा जागिर गुमाएका छन् ।

हालै प्रकाशित रिपोर्ट अनुसार सन् २०२२ मा वर्षभर जागिर गुमाएका प्रविधि उद्योगका जनशक्तिको तुलनामा यो ४० प्रतिशतले धेरै हो ।

व्यापक कर्मचारी कटौतीका कारण प्रविधि उद्योगका लाखौं कार्यस्थलहरु बन्द भैसकेका छन् । जसका कारण यो वर्ष सन् २०२३ प्रविधि उद्योगका लागि अहिलेसम्मकै सबैभन्दा खराब वर्षको मा रहेको बतिक्लमभह.अक को रिपोर्टमा उल्लेख छ ।

सन् २०२२ को जनवरीदेखि डिसेम्बरसम्मको अवधिमा प्रविधि उद्योगहरुले एक लाख ६४ हजार ७४४ जना कर्मचारीहरुलाई जागिरबाट हटाएका थिए ।

सन् २०२१ को तुलनामा त्यो ११ गुणा धेरै थियो । Layoffs.fyi तथ्यांक अनुसार सन् २०२१ मा विश्व प्रविधि उद्योगमा कार्यरत करिब १५ हजार जनशक्तिले मात्रै जागिर गुमाएका थिए ।

तर यो वर्ष सन् २०२३ सर्वाधिक खराब देखिएको छ । गत जनवरीमा मात्रै प्रविधि उद्योगका ७५ हजार ९१२ जना जनशक्तिले आफ्नो जागिरबाट हात धुनुपरेको छ । जुन सन् २०२२ को कूल कर्मचारी कटौतीको झण्डै आधा हो ।

त्यस्तै फेब्रुअरीमा ४० हजार जना कर्मचारीहरु कटौतीमा परे भने त्यसपछिको तीन महिनामा कुल ७३ हजारले जागिर गुमाए । त्यसयता प्रविधि उद्योगमा कार्यरत थप २४ हजार जनशक्ति जागिरबाट निकालिएका छन् र यो वर्ष विश्व प्रविधि उद्योगमा कुल कर्मचारी कटौतीको संख्या २ लाख २६हजार ११७ पुगेको रिपोर्टमा उल्लेख छ ।

अनिश्चित विश्व अर्थतन्त्र, मुद्रास्फीति, आपूर्ति श्रृंखलामा व्याप्त समस्या तथा घट्दो आम्दानीका कारण प्रविधि कम्पनीहरुले कर्मचारी कटौतीलाई बढावा दिइरहेका छन् । यो मामिलामा गुगल, मेटा, माइक्रोसफ्ट तथा अमेजन जस्ता कम्पनीहरुले नै अग्रभागमा रहेका छन् ।

यद्यपि कर्मचारी कटौतीले अन्य ससाना प्रविधि कम्पनीहरुलाई पनि छाडेको छैन । रिपोर्टमा भनिएको छ: खुद्रा र क्रिप्टोदेखि परिबहन बजारसम्मका अन्य सयौँ ससाना प्रविधि कम्पनीहरु समेत पीडादायी खर्च कटौतीका उपायहरु अपनाउन बाध्य छन् । जसका कारण प्रविधि उद्योगमा अहिलेसम्मकै उच्च कर्मचारी कटौती भएको छ ।

एक तथ्यांक अनुसार सन् २०२१ को सुरुआतदेखि अहिलेसम्म प्रविधि उद्योगहरुले ४ लाख ५ हजार भन्दा धेरै कर्मचारी कटौती गरिसकेका छन् ।

यस्तो कर्मचारी कटौतीको संख्यामा अमेरिकी प्रविधि कम्पनीहरुको हिस्सा सबैभन्दा ठूलो छ । यो वर्ष कटौतीमा परेका प्रविधि उद्योगका जनशक्तिमध्ये ८० प्रतिशत अमेरिकी प्रविधि कम्पनीमा कार्यरत जनशक्ति हुन् ।

**यौन/स्वास्थ्य**

# महिलाको चरमसुखबारे रोचक तथ्य



यौन शब्दले नै मानिसमा एकखालको तरंग ल्याउने गर्छ । हरेक व्यक्तिले हरेक पलजसो कुनै न कुनै रूपमा यौनका बारेमा सोच्ने गरेको हुन्छ । तर यौनमा आनन्द भएन भने त्यो स्वार्थपूर्तिका लागि गरिने शारीरिक क्रियाकलापमात्र हुन जान्छ । अतृप्त यौन आनन्दका लागि पुरुष र महिला दुबैको उत्तिकै सहभागिता हुनुपर्छ ।

दुबैले यौन सम्पर्कका बेला यौन आनन्द प्राप्त गर्नु आवश्यक छ । एकजनाले मात्र सन्तुष्ट हुनुलाई सम्भोग भनिँदैन । सम्भोगको अर्थ नै दुबैले समानरूपमा भोग्नु वा यौनको आनन्द पाउनु हो । न्यू साइन्टिस्ट म्यागेजिनमा छापिएको समाचारअनुसार महिलाको चरमसुखका विषयमा पत्ता लागेका ६ वटा रोचक तथ्यहरु यसप्रकार रहेका छन् ।

१. महिलाको योनीभित्र जी स्पट हुन्छ भन्ने कुरा सत्य हो । योनीभित्र हुने यो स्थान निकै संवेदनशील क्षेत्र हो । यही क्षेत्रमा घर्षण पैदा भएसँगै महिलालाई चरमसुख प्राप्त हुन्छ । यद्यपि यो क्षेत्र योनीभित्रको ठीक कुन भागमा हुन्छ भन्ने कुराको एकिन भने गर्न सकिँदैन ।
२. चरम सुखका बेला महिलाको मस्तिष्कको अधिकांश भाग निस्कृय हुन्छ । वैज्ञानिकहरुले गरेको अनुसन्धानले के देखाएको छ भने जब मान्छेको दिमागमा सेक्सले ठाउँ पाउँछ, अरु विषय स्वत: निस्कृय हुन्छन् । अझ चरम सुखका बेला त संवेदनाको अनुभूति गर्ने क्षेत्रसमेत निस्कृय हुन्छ ।
३. धेरै महिलाले चरम सुख प्राप्त गर्नै सक्दैनन् । सन् १९९९ मा अमेरिकामा गरिएको एक सर्भेक्षणले ४३ प्रतिशत अमेरिकी महिलामा यस्तो समस्या भएको देखाएको थियो । यसको निस्कर्ष के हो भने पुरुषको तुलनामा अत्यधिक महिलामा यौनसुख प्राप्त नगर्ने जैविक कमजोरी नै हुन्छ ।
४. चरमसुखलाई वंशाणुले फरक पार्छ । अनुसन्धानअनुसार चरमसुखमा हुने ४५ प्रतिशत विविधता वंशाणुकै कारण हुन्छ । कतिपय महिलाले सम्भोगका बेला चरमसुख पाउन सक्दैनन् र केहीलाई हस्तमैथुन गर्दा पनि यौन सुखको अनुभूति हुँदैन, यसो हुनुमा वंशाणुगत कारण मुख्य हुन्छ ।
५. चरमसुख दिने प्रविधि बन्दैछ । जैविक कारणले नै चरमसुख पाउनबाट वञ्चित महिलाहरुलाई यौनसुखको अनुभूति दिलाउनका लागि वैज्ञानिकहरुले प्रविधिको विकास गरिरहेका छन् । यौन उत्प्रेरकको काम गर्ने यस्तो प्रविधि महिलाको सुसुम्ना अर्थात् ढाडभित्रको नसामा जोडिनेछ, जसले महिलामा चरम सुख प्राप्त नहुने समस्या समाधान गरिदिनेछ ।
६. यति हुँदाहुँदै पनि महिलाको चरमसुखका विषयमा रहेका भ्रम सबै मेटिन सकेका छैनन् र यो विषयमा रहेका सबै प्रश्नको उत्तर प्राप्त भइसकेको छैन । यो विषय क्रम विकासका वैज्ञानिका लागि पनि निकै कठीन विषय बनिरहेको छ । कतिपयले त यौनसुख महिलाका लागि अनावश्यक बोझ भएको बताउँछन् ।

# सेक्सको समयमा मानव शरीरमा हुने चरणहरु



सेक्सका बेलामा मानव शरीरमा के-के उतारचढाव आउला ? हाम्रो शरीर कुन-कुन फेजबाट गुज्रिएला ? सामान्यतया मानिसले यस्ता परिवर्तनहरु महसुस नै गर्न सक्छन् । तर, यो कस्तो परिवर्तन हो भन्ने थाहा हुँदैन । साथै शरीरभित्र के चलिरहेको छ भन्ने कुरा पनि हामी बाहिरैबाट सहजै थाहा पाउन सक्दैनौं । यसैक्रममा सेक्सका दौरान मानव शरीरमा हुने परिवर्तनबारे जानकारी दिने एउटा भिडियो युट्यूबमा भाइरल बनेको छ । उक्त भिडियो अनुसार सेक्सका निम्न चार चरण हुने गर्दछन् ।

**एक्साइटमेन्ट**

यस चरणमा मानव शरीरमा सेरोटोनिन रिलिज हुन्छ, जसले तपाईंलाई खुसी दिन्छ । तपाईंको शरीरमा यस दौरान एड्रेनेलिन पनि रिलिज हुन्छ, जसले तपाईंको हृदय गतिलाई बढाउँछ । यसै चरणमा तपाईंको यौनांगमा रगतको गति बढ्छ, जसले तपाईंलाई सेक्सका लागि पूर्णरुपमा तयार गरिदिन्छ ।

**प्लेट्यू**

एक्साइटमेन्टपछिको चरणलाई प्लेट्यू भनिन्छ । यस दौरान मुटुको धड्कन बढ्छ, साथै स्वासप्रश्वास पनि तिब्र हुन्छ र मांसपेशीमा ब्लडप्रेसर उच्च बन्छ । सेक्सअघि गरिने किस तथा अन्य फोरप्लेले शरीरमा नोर्पिनेफरिन रिलिज हुन्छ । त्यसपछि तपाईंको यौनांग थप संवेदनशील बन्दछ ।

**अर्गाज्म**

यस चरणमा तपाईंको पेल्भिक मसल्स सक्रिय हुन्छ । महिलाको पाठेघर र पुरुषको यौनांग सक्रिय भएको अनुभूति हुन्छ । नशा र मांसपेशी एक्साइटमेन्टको चरणबाटै सक्रिय थियो, अब यो सबै एकसाथ रिलिज हुन्छ । जसले स्वर्गीय आनन्द अनुभूत गराउँछ । सेक्समा सबैभन्दा आनन्दित हुने क्षण नै यही हो । अक्सिटोसिन लेभल र लभ हर्मन यो अवधिमा आफ्नो चरम बिन्दुमा पुगेको हुन्छ ।

**रेजोल्यूशन**

यस चरणमा सेक्सको चाहना हराएर जान्छ । नशा र मांशपेशीमा भएको उत्तारचढाव विस्तारै सामान्य बन्छ । मानिसले रिल्याक्स फिल गर्न थाल्छ । तर, केही महिलाहरु यो चरणमा पनि पुन: अर्गाज्म प्राप्त गर्न सक्छन् । तर, पुरुषहरु भने पुन: एक्साइटमेन्टको चरणमा पुग्नै समय लाग्छ । सामान्यता पुरुषहरु एकपटक अर्गाज्म प्राप्त गरेपछि तत्कालै एक्साइटमेन्टमा आउन सक्दैनन् । यसका लागि उनीहरुलाई समय चाहिन्छ ।

**साहित्य**

## हिउँको सिरक ओढ्रेर निदाएका श्यामबहादुरहरू



✍ राजु 'हिमांशु'

अचानक
बाक्लो हिउँको छाला नै उप्किएर
सल्याक्क हुन्छ हिमाल ।

हिउँको चिसो छालाभित्र-भित्र हराउँछ
सैनिकहरूको एउटा शिविर ।

श्यामबहादुरलाई हिउँको अजिङ्गरले निलेको
खबरले शोकाच्छन्न बनेको छ
राई गाउँको आकाश।

हिलो र ढुङ्गाहरू सिलिपिती खेल्दै
ओरालो झर्छन्
र राई गाउँको टाउकोमाथि थुप्रन्छन्
सास रोकिएर हल न चल बन्छ
राई गाउँ फेरि।

दशा नै लागेछ कि क्या हो !

अहो !
अन्तरिक्षभरि घुमिरहेछन् यानहरू
पर्यटकजस्तो
क्यामेराले नक्शाहरू खिँच्दै।

अपसोच !
क्यामेरामा अटाउनै सकेन
भताभुङ्ग भएको त्यो राई गाउँ !
हो, अटाउनै सकेनन्
हिउँको सिरक ओढेर निदाएका
श्यामबहादुरहरू !

## भालेको क्रान्ति



✍ युवराज घलेभाइ

अब भाले
बिहान,दिउँसो र बेलुकी मात्रै होइन
मध्यरातमा पनि बास्नुपर्छ
खोरमा निदाएर उपियाँ ठुँग्दै बसेका
भालेहरुलाई पनि जबरजस्ती राती-राती घोचेर
तिनीहरूलाई चलाएर कराएर
बास्न लगाउनु पर्छ ।

बिहान,दिउँसो त हामीलाई
भालेको चर्को स्वर चाहिँदैन
प्राय: सबैको घरमा घडी छ
रेडियो छ,दूरदर्शन,टी.भी.च्यानल छ
तसर्थ,जस्तै बादल लागे पनि
बिहान,दिउँसो र बेलुकीको समय
त छुटयाउन सकिन्छ
तर यो मध्यरातको विषय छ
सबै मान्छे सुतेका हुन्छन्
घडीको घण्टी त केवल
एकजनाको लागि मात्र हुन्छ
त्यो पनि सुतेको समयमा सुनेन भने
घरी-घरी बज्ने होइन
सुनिहाले पनि आफ्नै कामको निम्ति मात्र हुन्छ
तर एउटा समाजलाई ब्युँझाउनु त
भाले नै बास्नुपर्छ ।

ठूलो स्वरमा,लामो स्वरमा
कु....कु....री....काँ गरेर
जसले मान्छेको कानदेखि मनसम्म
उठ्नुपर्ने प्रेरणा जगाओस्
आज के हुन लाग्यो भनी
सबै छक्कै परुन
यो त लोदर हो भनी
काट्न खोज्दा,मार्न खोज्दा
'अर्को भाले' पनि केही टाढामा
सम्पूर्ण स्वर खोलेर बासोस् मध्यरातमा
जसलाई 'लोदर' शब्दले केही नहोस्
अन्धविश्वासको कालो पर्दा धुजाधुजामा होस्

दिनभरि,आँगनतिर,मैलातिर,नालीतिर डुलेर
पेटभरि चारो खान नपाई बास बसेका भाले
थाकेर हिलो-माटोसरि भएपनि बास्नुपर्छ
तर मध्यरातमा
प्रकृतिको नियमलाई तोडेर
जसले मान्छेको मनमा भुइँचालो ल्याउन सकोस्
किनभने भाले बासेपछि त
मशानको शक्ति पनि हुँदैन
तर्साउने पनि तर्साउन सक्दैन ।

मशानघाटमा एक्लै हिँड्न सकिन्छ
यसैको निम्ति 'भाले' मध्यरातमा बास्नुपर्छ
अब सबैले आ-आफ्ना खोरमा
मध्यरातमा बत्ती बालेर
राँको / पुल्ठो बालेर हो-हल्ला गरी
उज्यालो पारी भालेलाई
बास्न कर लगाउनुपर्छ
निन्द्रामा नै भएपनि बासोस्
बास्ने ट्रेनिङ दिनुपर्छ ।

नत्र मध्यरातमा बास्न मान्दैन
तर मान्छेको हल्ला-खल्ला
अनि बत्ती र राँको / पुल्ठोको उज्यालोले
दिउँसै जस्तो पारी बास्न सिकाउनुपर्छ
बानी गराउनुपर्छ ।

मध्यरातमा 'भाले' बास्दा के भयो र ?
२१ औं शताब्दीमा पनि
भालेको मध्यरातको स्वरलाई
'लोदर' भन्छ भने
चुनौती भन्छ भने
घाम झुल्केपछि बास्ने भालेलाई पनि
'लोदर' नै भन्नुपर्छ ।
पुरानो प्रथालाई तोडेर
नयाँ बनाउनु नै 'क्रान्ति' हो
यसैलाई भनिन्छ नयाँशक्ति
'भालेको क्रान्ति'

*लघुकथा*

# प्रादेशिक समाचार



✍ इगाम खालिङ

आकाशवाणी खरसाङबाट रेडियामा आउने बेलुकीको प्रादेशिक समाचार सुन्नलाई सिकुवामा केही छिमेकीहरू लगायत दुई-तीन जना नचिनेका मानिसहरू पनि बसेका थिए । उनीहरू घरीघरी एकअर्कासित खासखुस कुरा गर्दै थिए । गाउँमा बिजुली आएकै थिएन । ठूलो घरमा एउटा मट्टीतेलको टुकी टिमटिम बलिरहेको थियो । म उनीहरूलाई ढोकाबाटै एकपल्ट चियाइराखेर भान्साकोठाभित्र पसेँ ।

भोकले मेरो भुँडी कोक्याइरहेको थियो । चुलातिर हेरेको त एकापट्टि एउटा सानो भाँडामा भात बसाएको रहेछ । ढकनी उघारेर हेरेँ–आधा भाँडा पानीमा एक मुठीजस्तो चामल हालेको रहेछ । मलाई चित्त बुझेन र जोरले ढकनी भुइँमा थेचारेर आमालाई सोधेँ, "आमा ! चामल इति नै हो ?" "होइन, सब्जी काटेर हाल्नुपर्छ । आज खिचडी खानुपर्छ । चामल सक्यो ।" भन्ने आमाको उत्तर सुनेपछि मलाई रुनु मन लागेर आयो । म बिहानदेखि भोकै थिएँ । मेरो आँखाबाट आँसुका केही थोपाहरू भुइँमा झरे । म अँध्यारो अनुहार लिएर ठूलो घर भित्र पसेँ र चुपचाप समाचार सुन्न थालेँ । कस्तो समाचार आइरहेको थियो मैले त्यति मेसो पाइनँ । सबैले हाम्रा मान्छेहरू मरेछन्, हामी सतर्क बस्नुपर्छ भन्दै थिए । त्यो पनि मैले बुझिनँ–को 'हाम्रा मान्छेहरू' हुन् र को 'अर्का मान्छेहरू' । तर यसो हेर्दा सबैका आँखाहरू टल्किरहेका थिए । सबै गम्भीर भएर कम स्वरमा बात गरिरहेका थिए ।

म फेरि भान्साघरभित्र पसेँ । एक मुठी चामल उम्लिरहेको देखेर म सबै एक्लैले खाइदिन्छु मात्र भनेको के थिएँ कि आमाले के साह्रो अलक्षण भएको भनेर एकपल्ट जगल्ट्याइन् । म रुँदै मेरो सानो पलङमा पल्टिएँ । त्यो रात म खाना नखाई निदाइपठाएछु ।

म कक्षा तीनमा पढ्दा पहाडमा अलग गोर्खाल्यान्ड मागको आन्दोलन चलिरहेको थियो । चियाबारीका कारखानाहरू सबै बन्द थिए । गाउँका मानिसहरू दिनभरि गफ गरिरहन्थे । सबैले आफूसित खुकुरी बोकेर हिँड्ने गर्थे । खँडुवा बन्दुकका निम्ति माचिसबाट बारुद बनाउँथे । वारिपारिका गाउँहरूसित त्यति राम्रासित आउजाउ नै हुँदैन थियो । पारिका केही गाउँहरूमा घरहरू सल्किरहेको दृश्य देखेर हामी खूब र माउथ्यौँ । ती सल्किरहेका घरहरू हाम्रा आफ्नै आफन्तहरूका थिएछन् तर कसैले नरमाऊ भनेर भनेन । त्यसैले होला हामीले आफन्तको मृत्युमा पनि शोक प्रकट गरेनौँ । गाउँमा दिनदिनै नयाँ आफन्तहरू बढ्दै जानुथाल्यो । घरघरमा थप परिवारहरू बढेर जानुथाले । एकजना सुत्ने पलङमा दुई-तीन जना सुत्नुपर्ने अवस्था सिर्जना भएर आयो । स्कुलमा केन्द्र आरक्षित प्रहरी बल आएर बसेका थिए ।

हामी घोडाको तबेलामा पनि पढ्यौँ । स्कुल बन्द रहेको बेलामा खोलामा दिनभरि माछा मार्थ्यौँ । जङ्गलमा गएर बाँसका बन्दुक बनाएर हानाहान गर्थ्यौँ । चरा खेद्नु र खोलामा पौडी खेल्नु त हाम्रो प्रत्येक दिनको कार्यजस्तो भइसकेको थियो । दिनभरि चकचक गरेर, घरहरू डढेका, मान्छे मरेका र मारेका खबरहरू सुनेर दिन बित्थ्यो । रात परेपछि भने डर लागेर आउँथ्यो । आफ्ना आफन्तहरूको अकाल मृत्यु देखेर होला मलाई रात परेपछि असाध्य डर लाग्थ्यो । कहिले खाना नखाई भाग्नुपर्थ्यो त कहिले रात जङ्गलमा नै बिताउनुपर्थ्यो । स्कुल लाग्दा स्कुल जान्थ्यौँ । प्रत्येक दिन कुनै न कुनै सरबाट सजाय पाउँथ्यौँ ।

त्यो सालको ठण्डा महिना लागिसकेको थियो । मलाई खोकी लाग्न सुरु भयो । दबाइ पाउँदैन थियो । पाए पनि किन्न बजार जान सकिँदैन थियो । अर्को पार्टीका मानिसहरूसित डर हुन्थ्यो । मेथी र अदुवा खाएर साथै तेलले बेसरी सेकेर नै जाती हुनुपर्थ्यो । घरीघरी जङ्गलतिर भाग्न परेकोले मेरो खोकी घटेर जालाभन्दा झन् बढेर गयो । एक रात हामी फेरि भाग्यौँ । जङ्गलमा सबै लुकेर चुपचाप बसिरहेका थिए । ममात्र बिचबिचमा खोक्दै थिएँ । एकछिनपछि माथिल्लो गाउँमा केही मानिसहरू चिच्याएका सुन्यौँ । त्यतिबेला पनि म घरीघरी खोक्दै नै थिएँ । एकजनाले तलबाट भन्यो, "त्यसलाई खोक्न नदेऊ न !" मेरो खोकी पटक्क नरोकिने, म आँसुसरि भइरहेको थिएँ– छेउमा लुकिरहेको एकजनाले मेरो मुखमा नै एक झापड कस्यो । म बिस्तारो खोक्दै जङ्गलको एउटा पोथ्राभित्र पसेर सुकसुक रोइरहेँ । मदेखि अलिक पर केही आफन्त र सरणार्थीहरू कम्बलमा डल्ला परेर गुनुगुनु बात मारिरहेका थिए । कसैले फलानाको घर जल्यो भन्दै थिए त कसै आफन्तका मायाले हो कि आफ्नो हालत महसुस गरेर हो सुँक्क-सुँक्क गर्दै रुँदै पनि थिए ।

एक-दुई महिनापछि पहाडमा केही शान्ति छाएको जस्तो भयो । मेरो खोकी पनि निकै सञ्चो भइसकेको थियो । म स्टोररुमको सानो कोठामा सुत्थेँ । सिरानीमा खुकुरी राख्थेँ । ढोकाको एक कुनामा फलामको रड र ाख्थेँ । आमा-पापा सुत्ने कोठाको दराजबाट केही रुपियाँ चोरेर एकदिन म गाउँकै लोहार कहाँ गएँ र एउटा चुपी बनाउन लगाएँ । भोलिपल्ट दुवैपट्टि धार भएको चुपी लिएर घर आएँ । राति सपनामा देखेँ–चार-पाँच जना अनुहार नचिनिने मान्छेहरूले मलाई खेद्दै रहेछन्, म पनि भाग्दै रहेछु र अन्त्यमा प्रहरीले पक्डेएर मलाई गोली हान्न खोज्दा रहेछन् । त्यतिबेला झसङ्ग भएर बिउँझेँ । मुटु जोरजोरले ढुकढुक भएर आयो, आफू साँच्चै मर्न लागेको जस्तो लागेर आयो । त्यतिबेला बिहानीको तीन बजिसकेको थियो कि मलाई खुकुरी र चुपी ढुङ्गामा उध्याउनु मन लाग्यो । म जूनको प्रकासमा चुपी उध्याउँदै थिएँ । चुपी ढुङ्गामा रगडिँदा निस्किएको आवाजले आमा र पापा बिउँझिनु भएछन् । पापाले मलाई एक झापड कसेर रिसाउँदै सोध्नुभयो, "यो के गरेको ? पागल भइस् क्या हो ?"

मेरो हातमा धारिलो छुरी देखेर "म यसलाई के बनेको हेर्न चाहन्छु तर के बन्दै गइरहेछ !" भन्दै दुवै गालामा हात राखेर आमा भुइँमा थ्याच्च बसिन् । त्यो दिन रात परेपछि मात्र म आफैँसित लजाउँदै घर फर्किएँ । घरको आँगनमा आइपुगेर यसो ठूलो घरतिर हेरेको त कोठाभित्र बलिरहेको टुकीले मलाई ङिच्च हाँसेर चियाइरहेको रहेछ ।

बिस्तारी चाल मारेर म त्यो टुकीसम्म पुगेँ र खुसुक्क टुकीको कानमा नै भनीदिएँ–"मैले त्यो चुपी खोलामा बगाइदिएँ ।" त्यसपछि झोलाबाट कलम निकालेर एकपल्ट टुकीलाई पनि देखाइदिएँ । तर अझै पनि कहिलेकाहीँ म त्यो सपना देखेर बिउँझने गर्छु । अझै पनि प्रादेशिक समाचार भन्न बित्तिकै ती टल्किरहेका आँखाहरू र गम्भीर अनुहारहरू मेरो आँखामा छ्याप्प आएर बसिहाल्छन् ।

# नेपालीलाई पारिवारिक घुमघामका लागि १० विदेशी गन्तव्य



काठमाडौं/ 'बेलामौकामा घुम्नुपर्छ' भन्ने चेतले नेपाली समाजलाई गतिशील बनाएको छ । फुर्सदको समयमा मात्र होइन, फुर्सद मिलाएर पनि घुमफिरमा निस्कनेहरुको ताँती लामो छ ।

हुन त घुम्नका लागि देशभित्रै पनि त्यस्ता गन्तव्य छन्, जसले नयाँपन महसुस गराउने मात्र होइन, मोहनी नै लगाउँछ । यद्यपि 'मुख पनि फेरौं, देश पनि हेरौं' भन्ने मनोविज्ञानले गर्दा अहिले मुलुकको संघार नाघेर टाढा-टाढासम्म पुग्ने प्रवृत्ति झाँगिएको छ ।

खासगरी नेपालीहरुका लागि सहज र सस्तो गन्तव्य बनेको छ, भारत । भारतका गोवादेखि महाराष्ट्रसम्म, नैनीतालदेखि आगरासम्म फन्को लगाउने गरिएको छ । यद्यपि अहिले नेपालीहरुको घुम्ने गन्तव्य फेरिँदै र फैलिंदैछ ।

घुमघाम गर्ने त्यही संस्कृतिका कारण अहिले विभिन्न ट्राभल एजेन्सीले टुर प्याकेजको व्यवस्था गरेको छ । हुन त आफ्नै पहलमा वा व्यक्तिगत हिसाबले पनि घुम्न सकिन्छ । यदि सामूहिक रुपमा घुम्ने हो भने टुर प्याकेजको लाभ लिन सकिन्छ ।

**बाली (इण्डोनेसिया)**

अहिले धेरैका लागि लोभलाग्दो गन्तव्य बनेको छ इन्डोनेसियाको बाली । खासगरी त्यहाँको भूगोलले आगन्तुकलाई आकर्षित गर्छ । समुन्द्री तटमा र माउनेहरु हुन् वा रात्रिजीवनको र सरंगमा मिसिन चाहनेहरु, बाली सही लाग्न सक्छ । पानीमुनि कोरल आइल्याण्डको लागि विश्वव्यापी रूपमा बाली प्रख्यात छ ।

यहाँका ऐतिहासिक मठमन्दिरले पनि ठूलो संख्यामा मानिसलाई आकर्षित गरेको छ । किनमेलका लागि पनि यो रोज्जा गन्तव्य हो ।

बालीको सबैभन्दा लोकप्रिय पर्यटकीय क्षेत्र, हो कुटा । यो लोभलाग्दो समुन्द्री तट र ठूला छालहरूको लागि परिचित छ । ठूला बजार किनमेल हब, समुन्द्र तट बार, रेस्टुरेन्ट, क्यासिनोर क्लबहरु छन् । बालीमा इन्डोनेसियन परिकार निकै चर्चित छ । खानेकुराको पारखीहरुको लागि इन्डोनेसियन परिकार नौलो स्वाद हुनसक्छ । ती बाहेक भारतीय परिकार पनि चाख्न पाइन्छ ।

**खर्च**

चार रात र पाँच दिनमा बाली मज्जाले घुम्न सकिन्छ । बालीमा भिसाको लागि २५० डलर पर्छ । प्याकेजमा जाँदा एक जना बराबर एक लाख ३० हजार रुपैयाँ पर्न आउँछ । परिवार नै जाँदा केही छुट हुन सक्छ ।

**बैंकक (थाइल्याण्ड)**

विश्वकै सबैभन्दा बढी पर्यटक भित्र्याउने सहरमध्येमा पर्छ थाइल्याण्डको राजधानी बैंकक । बैंककले सन् २०१७ मा दुई करोड ५० लाख विदेशी पर्यटक भित्र्याउँदै विश्वकै पहिलो पर्यटकीय सहर बन्न सफल भएको थियो ।

बैंकको रात्रि जीवन, खानेकुरा, गगनचुम्बी भवनले पर्यटकहरुलाई आकर्षित गराउँछ । त्यस्तै बैंकक मसाजको लागि पनि प्रख्यात छ । यहाँ पुगेकाहरुमाझ थाई र अरबिक मसाज निकै लोकप्रिय छ ।

बैंककमा विश्वको सबैभन्दा ठूलो चिडियाघर पनि छ । त्यहाँ एसिया र अफ्रिकाका लगभग सबै वन्यजन्तुलाई नजिकबाट नियाल्न सकिन्छ । दरबार, संग्रहालय, पार्कहरुका साथै बैंककमा विभिन्न सपिङ सेन्टर पनि छन् । चतुचक वीकेन्ड मार्केट, साम्पेङ मार्केट, याओवरात र फहुरात नाइट मार्केट लगायत लक्जरी डिपार्टमेन्ट स्टोर हरू छन् ।

**खर्च**

नेपालबाट नजिक पर्ने भएकाले अन्य मुलुकको तुलनामा थाइल्याण्ड कम खर्चमा जान सकिन्छ । प्याकेजमा जाँदा पाँच दिन र चार रातमा मज्जाले घुम्न सकिन्छ । यहाँ औसतमा ७५ हजार रुपैयाँको प्याकेजमा घुम्न सकिन्छ । त्यसमा सुविधा अनुसारको खर्च अलि बढ्न सक्छ ।

**गोवा**

गोवा नेपालीहरुको लागि घुम्न जाने नजिकको गन्तव्य हो । यहाँको आकर्षण भनेको पालोलेम तटको शान्तप्रिय वातवारण, समुन्द्री तटको छाल, ठूला क्यासिनो, बागा समुन्द्री तटमा वाटर स्पोर्ट्सको आनन्द, दूध सागरको झरना र टीटो नाइट क्लबको माहोल छुटाउन हुँदैन ।

बागा उत्तरी गोवाको सबैभन्दा प्रख्यात समुन्द्र तट हो । समुद्र तट नजिक आकर्षक कटेज र माछा मार्ने डुंगाहरु छन् । समुन्द्री तट मुख्यतया प्यारासेलिङ र बनाना सवारी जस्ता पानी खेलहरूको लागि परिचित छ ।

गोवा घुम्नका लागि प्याकेजमा जाँदा प्रतिव्यक्ति ५० देखि ५५ हजार रुपैयाँ लाग्छ ।

**दुबई**

दुबई सहर विश्वभरकै लागि विलासी गन्तव्य हो । पर्यटनलाई आफ्नो अर्थतन्त्रको प्रमुख हिस्सा बनाउँदै यूएईका सहरहरू विकसित छन् । दुबई संसारकै द्रुत गतिमा विकसित भइरहको सहर हो ।

यहाँ समुन्द्री तटहरू, भव्य होटल र विलासी भवन, मानव निर्मित टापुहरू, चम्किलो स्काइलाइन, आकर्षक सपिङ मल छन् । सिटी टुर, बुर्ज खालिफा, गोल्डेन गेट, संग्राहलय, डेजर्ट सफारी दुबईका आकर्षण हुन् । धावा क्रुजमा डिनर पार्टी, सांस्कृतिक नाच प्रदर्शनले यहाँको रातलाई रंगीन बनाउँछ ।

सपिङ डेस्टिनेसनका लागि समेत विकसित दुबई खानाको लागि प्रख्यात छ । अरबिक खाना, चाइनिज, थाइदेखि भारतीय र नेपाली परिकार दुबईमा उपलब्ध छन् ।

**खर्च**

दुबई टुर प्याकेज औसतमा ८० हजार रुपैयाँ पर्न आउँछ । त्यहाँ जान अनलाइन भिसा लगाउन सकिन्छ । तीन रात र चार दिनमा धीत मर्ने दुबई घुम्न सकिन्छ ।

**बाकु (अजरबैजान)**

बाकु अजरबैजानको प्रमुख पर्यटकीय गन्तव्य हो । एसियली संस्कृतिको मिश्रण देख्न पाइने बाकु ऐतिहासिक सहर हो । फ्लेम टावरहरू राजधानीको केन्द्रबिन्दु बन्छन् र सूर्यास्तपछि उज्यालो हुन्छन् । इचेरी शेर, मध्ययुगीन मूल, इस्लामिक शैलीको वास्तुकला देख्न सकिन्छ । सबैभन्दा सुन्दर आकर्षणहरू बाकु बुलेभार्डको छेउमा छन् ।

क्यास्पियन सागरको छेउमा लामो पैदल मार्ग र शहीद लेनको नजिक पहाडबाट उत्कृष्ट दृश्यहरू छन् । हाइल्याण्ड, गाबाला टुर, ज्वालामुखी क्षेत्रहरु भ्रमण गर्ने पर्ने क्षेत्र हुन् । विशेषगरी अरेबिक खाना र भारतीय खाना बाकुमा बढी पाइन्छ ।

**खर्च**

बाकुमा व्यक्तिगत रुपमा आफैं भिसा लगाउन सकिँदैन, त्यसैले एक्लै जान असम्भव छ । व्यक्तिगत भिसा लगाउन समय लामो र झन्झटिलो हुन्छ । प्याकेज खर्च औसतमा एक लाख रुपैयाँ माथि पर्छ ।

**भियतनाम**

भियतनाम समुन्द्री तट र हरियाली पहाडहरूले झनै मनमोहक बनाउने दृश्य हेर्न पाइन्छ । भियतनामका उत्कृष्ट पर्यटकीय स्थलहरू ची मिन्ह सिटी, हनोई, दा नाङ आदि हुन् । हो ची मिन्ह सहर ल्यान्डमार्क हो । यस सहरका फुड स्टलहरू स्वादिष्ट खानाका लागि प्रख्यात छन् । दा नाङ भियतनामको तटीय सहर हो । यहाँ बौद्ध गुफाहरू पनि छन् ।

मनसुन बढी हुने भएकाले मेदेखि सेप्टेम्बरसम्म दक्षिणी भाग र अक्टोबरदेखि अप्रिलसम्म उत्तरी भाग घुम्नका लागि उत्तम समय हो ।

खर्चको कुरा गर्न पर्दा ६० हजार रुपैयाँमा भियतनाम यात्राको मज्जा लिन सकिन्छ ।

**सिंगापुर**

सिंगापुर एसियाको व्यापारिक, पर्यटकीय तथा सांस्कृतिक देश हो । सिंगापुरको हकर्स सेन्टरमा १० डलर भन्दा कम पैसामा स्वादिष्ट खाना पाइन्छ । सिंगापुरमा रेस्टुरेन्ट र बारहरू राम्रो र पर्यटनमैत्री छन् ।

सिंगापुर वुडल्यान्ड्स, जुरोङ इस्ट, पुलाउ उजोङ आदि पर्यटकीय स्थलहरूका लागि चर्चित छन् । वुडल्यान्डहरू विभिन्न पार्क, स्मारक र विश्वकै ठूलो स्वीमिङ पुल सिंगापुरमा छ । वुडल्याण्डमा सिंगापुरको प्रकृतिको आनन्द लिन सकिन्छ । बर्ड्स पार्क, विज्ञान केन्द्र, म्युजियम आदिका लागि जुरोङपूर्व सबैभन्दा राम्रो ठाउँ हो ।

बालबालिकाका लागि खेल्नका लागि स्नो सिटी सबैभन्दा राम्रो ठाउँ हो । अर्को प्रख्यात पर्यटकीय स्थल पुलाउ उजोङ सिंगापुर टापु भनेर चिनिन्छ । यो सहर बगैंचा, चिडियाखाना, रात्रि सफारी, २४ घण्टा खुल्ने मुस्ताफा सपिङ सेन्टर आदिका लागि चर्चित छ । श्री मरियम्मन हिन्दू मन्दिर र सुल्तान मस्जिद पनि हेर्न पाइन्छ । सिंगापुर घुम्नका लागि सबैभन्दा राम्रो समय गर्मी र जाडोको बीचमा हो ।

**खर्च**

सिंगापुरमा तीन रात र चार दिनको प्याकेजमा घुम्न सकिन्छ । सिंगापुरमा जान भिसा लगाउन पर्दैन तर हवाई टिकट महंगो भएको कारण एक लाख रुपैयाँ माथि खर्च आउँछ ।

**हङकङ**

चीनको स्वशासित क्षेत्र हङकङ प्रमुख पर्यटकीय गन्तव्य हो । घुमघाम र किनमेल गरेर यहाँ आनन्द लिन सकिन्छ । अर्को आकर्षक पक्ष यहाँको चिनियाँ संस्कृति हो । सिंह र ड्र्यागन नृत्य, आतिशबाजी, कार्निभल आदि हङकङको रात्रि जीवनले पर्यटकलाई आकर्षित गर्छ ।

हङकङमा घुम्नका लागि उत्तम ठाउँहरू डिज्नील्याण्ड, भिक्टोरिया पीक आदि हुन् । डिज्नील्याण्ड बच्चाहरूसँग रमाइलो गर्नका लागि प्रख्यात पार्क हो । पीक ट्राम हङकङको हवाई दृश्यको आनन्द लिन र भिक्टोरिया चुचुरोसम्म पुग्ने आकाशमार्ग हो ।

**खर्च**

हङकङ भ्रमणको चार रात र पाँच दिनको प्याकेजमा घुम्न एक लाख रुपायँ माथि खर्च आउँछ ।

**माल्दिभ्स**

माल्दिभ्स सेतो चखिला बालुवा र पानीले भरिएको समुन्द्र तटहरू, चट्टानमा खेलिरहेका थरीथरीका माछाहरू, क्रिस्टलीय धातु, पाम-फ्रिन्ड टापु, आकर्षक वाटर भिलाहरु विश्वभर लोकप्रिय छन् । यस द्वीप समूहको सौन्दर्यलाई यसको पानीमुनिको संसारलाई आकर्षक मान्ने शार्कहरू र कोर लहरूको आकर्षक दृश्यका साथै किनारमा ठक्कर दिने नीला छालहरूबाट परिभाषित गर्छ ।

माल्दिभ्सले हनिमुन र बिदा मनाउनेलाई सधैं लोभ्याउँछ । यो टापु देश माल्दिभ्समा सबै प्रकारका पर्यटकहरूका लागि अनुकूल वातावरण मिल्छ । जहाँ साहसिक खोजीहरूले ब्यान्डोस टापुमा स्नोर्कलिंग र क्याटामरन डुंगामा संलग्न हुन सक्छन् । रिसोर्ट आइल्याण्डमा मसाज र मैनबत्तीको उज्यालो डिनरको मजा लिन सक्छन् । माल्दिभ्स भ्रमणका लागि सबैभन्दा उपयुक्त समय सुख्खा मौसम हो । यसबेला पानी खेलकुद, घाम नुहाउने र किनमेलको मज्जा लिन सकिन्छ ।

**खर्च**

टिकट र बस्ने ठाउँअनुसार अन्य देशभन्दा महंगो छ । सामान्यतया डेढ लाख रुपैयाँबाट प्याकेज सुरु हुन्छ ।

**मलेसिया**

छोटो समयमै आर्थिक प्रगति गरेको मलेसिया घुम्नका लागि निकै चर्चित छ । कामदारका रुपमा धेरै नेपाली पुगेका छन्, यद्यपि घुम्न जाने नेपालीको संख्या पनि मलेसियामा उल्लेख्य हुने गरेको छ ।

यहाँको नाइटलाइफको मज्जा, समुन्द्री तट, सुन्दर पार्क र वन्यजन्तुहरू जस्तै राष्ट्रिय निकुञ्जको केन्द्र मुख्य आकर्षण हो । राजधानी क्वालालम्पुरमा स्वादिष्ट परिकार, आलिसान भवनहरू, सपिङ मल, बजार, नाइट लाइफ प्रख्यात छ ।

मलाक्का व्यापारिक बन्दरगाह हो । यो बन्दरगाह हाल युनेस्कोको विश्व सम्पदाको सूचीमा पनि परेको छ । यहाँ रहेको पुरातन भवन र समुन्द्री तटले मानिसहरूलाई आकर्षित गर्छ । पेनाङ हिल मलेसियामा अवस्थित यसलाई स्थानीय मानिसहरूले बुकेट बडोरा भनेर चिन्छन् । यो मलेसियाको प्रमुख पर्यटकीय गन्तव्यको रूपमा परिचित छ ।

**खर्च**

मलेसियाका लागि अनलाइन भिसा तीन दिनभित्र आउँछ । चार रात, पाँच दिनको प्याकेजमा ७० हजार रुपैयाँमा मलेसिया घुम्न सकिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# सिनेमाघर एपमा रिलिज भयो 'महापुरुष'



काठमाडौं/गत वर्षको सुपरहिट फिल्म 'महापुरुष' अब स:शुल्क रुपमा ओटीटी प्लेटफर्ममा उपलब्ध भएको छ । सन् २०१६ देखि सञ्चालनमा आएको सिनेमाघर एपमा शुक्रबारबाट फिल्म रिलिज भएको हो । शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच फिल्म रिलिजबारे जानकारी गराइयो । प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा बनेको फिल्मलाई १ सय ९९ रुपैयाँ तिरेर हेर्न सकिने जनाइएको छ ।

'महापुरुष'लाई हलमा जस्तै एपमा पनि दर्शकको राम्रो साथ मिल्नेमा सञ्चालक खगेन्द्र लामिछानेले विश्वास व्यक्त गरे । १/२ वर्षयता नेपालमा एपमा फिल्म हेर्ने दर्शकको संख्या बढ्न थालेको उनको अनुभव छ । केही वर्ष अगाडि सय रुपैयाँ मूल्य राखेर फिल्म हेर्न आग्रह गर्दा धेरै गाली आउने गरेकोमा अहिले दर्शकहरुले नै विभिन्न फिल्मको डिमान्ड गर्ने अवस्था आएको उनले बताएका छन् ।

एपका अध्यक्ष समेत रहेका उनले भने- 'कुनै समय युट्युबमा फिल्म हेर्ने चलन थियो, त्यो विस्तारै हट्दै गएको छ । यतिबेला विभिन्न एप्लिकेसनहरुमा फिल्म हेर्ने बानी बस्दै गएको छ । केही वर्ष अगाडिसम्म पैसा तिरेर फिल्म हेर्न आग्रह गर्दा एकदमै गाली आउँथ्यो । अहिले दर्शकहरुले यो फिल्म कहिले आउँछ भनेर सोध्ने गर्नुहुन्छ । विस्तारै एपमा फिल्म हेर्ने बानीको विकास भैरहेको देखिन्छ ।'

गत वर्ष सिनेमाघर एपमा फिल्म 'कबड्डी ४' रिलिज भएको थियो । दर्शकको अत्याधिक चापका कारण एपको सर्भर १२ घण्टासम्म डाउन भएको थियो । त्यसपछि सर्भरलाई अपग्रेड गरिएको खगेन्द्रले बताए । उनले एपमा 'कबड्डी ४'ले युट्युबमा भन्दा राम्रो कमाई गरेको समेत दाबी गरे । ओटीटी प्लेटफर्मप्रति दर्शकको आकर्षण बढ्दा नेपाली फिल्म क्षेत्रलाई नै फाइदा पुग्ने उनको भनाई छ ।

'महापुरुष'का प्रमुख अभिनेता हरिवंश आचार्यले पहिलो पटक ओटीटी प्लेटफर्ममा आफ्नो फिल्म रिलिज भएकोमा खुसी व्यक्त गरे । अहिले डिजिटल मार्केट फराकिलो भैसकेको र यसले कलाकारलाई जीवित बनाइराखेको बताउँदै उनले सिनेमाघर एप नेपाली फिल्म क्षेत्रका लागि बरदान रहेको बताए । नेपाली फिल्मका लागि अर्को नयाँ प्लेटफर्म जन्मिनु राम्रो कुरा रहेको उनको भनाई छ ।

उक्त कार्यक्रममा फिल्मका निर्देशक प्रदीप भट्टराई, निर्माताद्वय म्यास दिपेश खत्री र रविन्द्र सिंह बानियाँ, कलाकारहरु गौरी मल्ल, राजाराम पौडेल, नरेश पौडेल, अरुण क्षेत्रीलगायतको पनि उपस्थिति थियो । चलचित्र विकास बोर्डको तथ्यांकअनुसार 'महापुरुष'ले घरेलू बक्सअफिसमा ७ करोड ३८ लाखमाथिको ग्रस कलेक्सन गरेको थियो । यो फिल्मले समीक्षा पनि उत्कृष्ट प्राप्त गरेको थियो ।

एन्ड्रोइड मोबाइल, ट्याब्लोईड, एन्ड्रोइड तथा स्मार्ट टीभी, अमेजन फायर टीभी, सामसुङ जस्ता टीभीमा सिनेमाघर एप उपलब्ध छ भने मोबाइलमा एप 'लगइन' गरेर त्यसबाट अरु डिभाइसमा पनि फिल्म हेर्न सकिने व्यवस्था गरिएको छ । नेपालमा इसेवा र खल्ती तथा विदेशबाट डेबिट कार्ड र क्रेडिट कार्डमार्फत् भुक्तानी गर्न सकिनेछ । यो एपका प्रमुख कार्यकारी अधिकृत सागर खरेल हुन् ।

# वर्षातका बाबजूद 'जय हो'प्रति दर्शकको आकर्षण



काठमाडौं/केही दिनदेखि निरन्तर पानी परिररहेको छ । जसले गर्दा जनजीवन नै अस्तव्यस्त बनेको छ । वर्षातको समयमा फिल्म रिलिज झन् जोखिमपूर्ण मानिन्छ । किनकि, पानीमा रुझ्दै दर्शकहरु हलसम्म पुग्न चाहँदैनन् । तर, वर्षातको बाबजूद पनि शुक्रबारबाट प्रदर्शन भएको फिल्म 'जय हो'ले दर्शकको सुखद साथ पाएको छ । बिहानी शो औसत भए पनि दिउँसोबाट फिल्मले दर्शक बढाएको छ ।

काठमाडौंका केही मल्टीप्लेक्सहरुमा दिवा शो करिब हाउसफुल थिए । शुक्रबार दिउँसो दर्शक प्रतिक्रिया बुझ्न पिता शोभित बस्नेत र श्रीमती करिश्मा केसीको साथमा काठमाडौंका केही हलमा पुगेका अभिनेता सलोन बस्नेत प्रफुलित मुद्रामा देखिए । पहिलो दिन नै दर्शकहरुको उत्साहजनक साथ र प्रतिक्रियाले फिल्ममा गरेको मिहिनेत केही हदसम्म सफल भएको उनले महसुस गरेका छन् ।

'दर्शकहरुले फिल्म हेर्दा मज्जा लिइरहनुभएको थियो । त्यसले एकखालको सन्तुष्टि मिलेको छ । लामो समयदेखि यही फिल्म भनेर म बसिरहेको थिएँ । र, आज दर्शकले जुनखालको प्रतिक्रिया दिनुभयो, त्यसले हामीले गर्न खोजेको कुरामा केही सफल भयौं भन्ने लागेको छ । धेरै ठाउँमा फिल्मको अकुपेन्सी राम्रो छ भन्ने खबर आएको छ । आज चाहिँ घर गएर मज्जाले सुतिन्छ,' सलोनले भने ।

'जय हो' सलोनको करिअरसँग जोडिएको छ । यसपटक उनलाई आफ्नो स्टारडम प्रमाणित गर्नुपर्ने चुनौती जति ठूलो छ, सहायक भूमिकाबाट माथि उठ्ने अवसर पनि छ । र, यसका लागि 'जय हो'को व्यावसायिक सफलता अनिवार्य छ । शुक्रबार र शनिबारको व्यापारले फिल्मको आयु निर्धारण गर्नेछ । सशक्त 'वर्ड अफ माउथ'को भरमा मात्र 'जय हो'ले हलमा लामो यात्रा तय गर्न सक्नेछ ।

टेक पौरखी राईको निर्देशन रहेको फिल्ममा सलोनका साथै केकी अधिकारी, माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठ, कुमार थिङ र सुबि मगरको पनि अभिनय छ । शोभित बस्नेत प्रस्तुतकर्ता रहेको फिल्मको निर्मातामा सुरज त्वागन (सरकार) तथा राज के अधिकारी छन् । सौरभ लामाको छायांकन रहेको यो फिल्मको लेखन सुरेश न्यौपानेले गरेका हुन् ।

# 'ऐंचो पैंचो'को मेकिङ 'लार्ज स्केल'मा छ : कृषा चौलागाईं

काठमाडौं/करिब १५ वर्ष फिल्म निर्माणको अनुभव संगालेपछि निर्मात्री कृषा चौलागाईं यही भदौ १४ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'ऐंचो पैंचो'बाट निर्देशनमा उत्रिएकी छन् । फिल्म निर्देशन गर्नुअघि उनले केही सर्ट फिल्म र विज्ञापनको निर्देशन गरेकी थिइन् । 'सुश्री' फिल्मको स्क्रिप्ट समेत लेखिन् । आफूलाई अनुभवले निर्देशक बनाएको मान्ने उनी 'ऐंचो पैंचो' 'लार्ज स्केल'मा बनेको दाबी गर्छिन् ।

कृषा भन्छिन्, 'एउटा निर्देशकले जुन 'लेभल'को क्यानभास पनि सोच्न सक्छ तर त्यो नेपालको हकमा कति पूरा गर्न सकिन्छ भन्ने हो । बजेटदेखि धेरै कुराले कहिले काहीं क्यानभास खुम्चिन पनि सक्छ । तर, 'ऐंचो पैंचो'को जुन स्क्रिप्ट बनेको थियो, त्यसलाई सोचेको भन्दा मेकिङमा अलि 'लार्ज स्केल'मा जान खोजेका छौं ।' कमर्शियल मापदण्डमा फिल्म बनाउने प्रयास गरेको उनको भनाई छ । सम्पूर्ण परिवारसँग बसेर हेर्न मिल्ने फिल्म बनेको दाबी गर्दै कृषा भन्छिन्, 'बीचमा प्रयोगात्मक फिल्महरु पनि बने, जुन परिवार सँग सम्बन्धित हुन सकेनन् । तर, फिल्म चल्ने र रुचाइने भनेको सबै परिवारले हेर्न मिल्ने नै हो । त्यहीअनुरुप फिल्म बनाउन खोजेका छौं ।' फिल्मले उठाएको विषयवस्तु समसामयिक रहेको र समाजलाई बुझ्नका लागि भए पनि 'ऐंचो पैंचो' हेर्नुपर्ने उनको धारणा छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कानुनी उल्झनमा फस्यो नि:शुल्क कम्पनी दर्ता र नवीकरणको घोषणा

काठमाडा/अर्थमन्त्री डा. प्रकाशशरण महतले १५ जेठमा बजेटमार्फत गरेको 'एक सय रुपैयाँ अधिकृत पूँजीमै कम्पनी दर्ता र नयाँ कम्पनी दर्ता/नवीकरणमा सबै प्रकारका दस्तुर मिनाहा' को घोषणा कार्यान्वयनमा उल्झन देखा परेको छ । बजेटको घोषणाअनुसार साउन १ बाटै कार्यान्वयन हुनुपर्ने थियो । यो नीतिले व्यवसायको वातावरण बनाउने तथा उद्यमशीलता प्रवर्द्धन हुने भनेर सरकारको तारिफ पनि भएको थियो ।

नयाँ आर्थिक वर्ष सुरु भएको दोस्रो महिनासम्म पनि बजेटको कार्यक्रम कार्यान्वयनमा आउन सकेको छैन । कम्पनी दर्ता तथा नवीकरण गर्दा तिर्नुपर्ने दस्तुर हटाएर राजपत्र प्रकाशन गर्न भनेर कम्पनी रजिष्ट्रारको कार्यालयले पठाएकार प्रस्ताव तीन महिनादेखि मन्त्रीपरिषद्लगायत सरकारका विभिन्न चार मन्त्रालयमा घुमिरहेको छ । तर, अहिलेसम्म पनि दस्तुर संशोधनको सूचना राजपत्रमा प्रकाशित भएको छैन ।

सो सूचना राजपत्रमा प्रकाशित नभएका कारण यो व्यवस्था कार्यान्वयनमा आउन नसकेको कम्पनी रजिष्ट्रार महेश बरालले बताए । यो व्यवस्था कार्यान्वयनमा आउन नसक्दा लाखौं सेवाग्राहीहरु प्रभावित भएको कम्पनी कानूनसम्बन्धी काम गरिरहेका अधिवक्ता दामोदर तिम्सिनाले बताए ।

**के थियो घोषणा ?**

आर्थिक वर्ष २०८०/८१ को बजेटमा 'न्यूनतम् १०० रुपैयाँमात्र अधिकृत पूँजी घोषणा गरेर पनि कम्पनी खोल्नसक्ने कानुनी व्यवस्था गरिनेछ,' भनिएको छ । यस्तै, नयाँ कम्पनी दर्ता गर्दा, कम्पनीको पूँजी वृद्धि गर्दा कुनै शुल्क वा दस्तुर नलाग्ने व्यवस्था गर्ने भनिएको थियो ।

यस्तै, कम्पनी दर्ता र खारेजी प्रक्रियालाई पनि अनलाइनबाट गर्नसक्ने गरी सरल र पारदर्शी बनाइने बजेटमा घोषणा गरिएको थियो । यस्तो व्यवस्थाले युवा पिंढीलाई उद्यम गर्नका लागि आउने सकारात्मक सोचले आकार पाउने दाबी सरकारको थियो । यस्तै, झन्झटिलो कम्पनी प्रशासनको कामलाई सहज बनाएर उद्योग र व्यवसाय गर्ने वातावरण सहज बनाउन यस्तो व्यवस्था गरिएको दाबी अर्थमन्त्री डा. महतले गरेका थिए । सरकारको यस्तो घोषणाले युवा उद्यम विकास हुने र नवप्रवर्तनले आफ्नो सृजना बजारसम्म लैजान सकिने दाबी गरिएको थियो ।

**अहिले के छ व्यवस्था ?**

कम्पनी ऐन २०६३ अनुसार हाल नेपालमा कम्पनी दर्ता गर्न अधिकृत पूँजी र दस्तुरको व्यवस्था छ । कम्पनी दर्ता गर्दा न्यूनतम् १ लाखसम्म अधिकृत पूँजी भएको कम्पनीका लागि १ हजार, १ लाखदेखि ५ लाखसम्म अधिकृत पूँजी भएको कम्पनीका लागि ४ हजार ५ सय, ५ लाखदेखि २५ लाख रुपैयाँसम्म पूँजी भएको कम्पनीका लागि ९ हजार ५०० का दरले दस्तुर बुझाउनुपर्ने व्यवस्था छ । अधिकतम् २५ लाखदेखि १ करोडसम्म पूँजी भएको कम्पनीका लागि १६ हजार रुपैयाँ दस्तुर तोकिएको छ ।

विद्यामान ऐनले एक सय रुपैयाँ अधिकृत पूँजीमै कम्पनी दर्ता गर्न पाइनेबारे नबोले पनि एक लाखसम्म अधिकृत पूँजीलाई नै अन्तिम मानेर अहिले कम्पनी दर्ता भइरहेको छ । त्यसपछि पनि कम्पनीको पूँजी वृद्धिका आधारमा दर्ता शुल्क थप हुँदै जाने व्यवस्था छ । बजेटको घोषणाले यही दर्ता शुल्क खारेज गरेको हो ।

**किन छापिएन राजपत्र ?**


बजेटको घोषणा अनुसार अनलाइनबाटै कम्पनी दर्ता र खारेजी जस्ता प्रक्रिया सुरुवात भए पनि ऐनमा तोकिएको शुल्क/दस्तुर मिनाहाको घोषणा कार्यान्वयन गर्ने प्रस्ताव कम्पनी रजिष्ट्रार कार्यालयले उद्योग मन्त्रालय हुँदै मन्त्रिपरिषद्रुमा पठाएको थियो । तर, असारमै पठाइएको प्रस्ताव २ साउनमा मन्त्रिपरिषद् बैठकले स्वीकृत पनि गरेर आर्थिक समितिमा पठाएको थियो ।

समितिले निर्णय भरेर राजपत्रमा छापिनु पर्नेमा कानुन मन्त्रालयबाट फरक मत आएको भन्दै त्यो रोकिएको थियो । 'सरकारले कुनै पनि काम सित्तैका गर्दैन, एक रुपैयाँ भए पनि दस्तुर राखिनु पर्छ नत्र कानुनी रुपमा यो अघि बढ्न सक्दैन भन्ने राय कानुन मन्त्रालयबाट आयो,' उद्योग मन्त्रालय स्रोतले भन्यो, 'कम्पनी रजिष्ट्रारबाट मन्त्रिपरिषद् हुँदै ४ वटा निकायमा फाइल घुमिरहेको छ ।' *(अनलाइनखबर)*

# थाहामा सानाठूला गरी १ सय १६ वटा पर्यटकीय गन्तव्य

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/थाहा कला केन्द्रले थाहा नगरपालिकाका पर्यटकीय गन्तव्यको प्रारम्भिक विवरण संकलन गरेको छ । कला केन्द्रले यसैवर्ष थाहा फिल्म फेस्टिवल-२०२३ को आयोजना गर्दैछ ।



त्यसैको पूर्वतयारीअनुरुप केन्द्रले थाहाको सम्पूर्ण वडा कार्यालयसँग पर्यटकीय गन्तव्य र प्रकार समेत खुल्ने गरी विवरण संकलन गरेको हो । संकलित विवरण अनुसार थाहानगरभित्र पर्वतीय, जल, धार्मिक, साहसिक र अन्य गरी कूल ११६ गन्तव्यहरु उल्लेख भएका छन् । जसमध्ये वडा नं. १ मा ८ वटा, वडा नं. २ मा ११ वटा, वडा नं. ३ मा १३ वटा , वडा नं. ४ मा ९ वटा, वडा नं. ५ मा ६ वटा, वडा नं. ६ मा ७ वटा, वडा नं. ८ मा १५ वटा पर्यटकीय गन्तव्यहरु छन् । त्यस्तै वडा नं. ९ मा १३ वटा, वडा नं. १० मा ५ वटा, वडा नं. ११ मा १० वटा र वडा नं. १२ मा ४ वटा पर्यटकीय गन्तव्यहरु रहेका छन् ।

विवरण अनुसार जल पर्यटकीय गन्तव्य ५ वटा, साहसिक पर्यटकीय गन्तव्य ४ वटा, अन्य पर्यटकीय गन्तव्य १२ वटा पर्वतीय पर्यटकीय गन्तव्य ३४ वटा र सबैभन्दा बढी ऐतिहासिक र धार्मिक पर्यटकीय गन्तव्य ६१ वटा गरी कूल ११६ पर्यटकीय गन्तव्यहरु थाहामा रहेका छन् । तथ्यांकमा आएका कुल ४ वटा साहसिक गन्तव्यमध्ये वडा नं. ५ मा २ वटा र वडा नं. ७ र ८ मा १/१ वटा रहेका छन् । तीमध्ये वडा नं. ५ मा प्याराग्लाईडिङ-ठूलो फाकल (परीक्षण भईरहेको) र दुरुङखोला गुफा छन् भने वडा नं. ७ को कुईभिर बन्जिजम्प (सम्भावना भएको) र वडा नं. ८ मा सप्तकन्या गुफा रहेको छ ।

मौलिक परम्परा र संस्कृतिको छुट्टै पहिचान बोकेको वडा नं. १ को कुन्छाल गाउँ, वडा नं. ६ स्थित ऐतिहासिक अंशुवर्माको शिलालेख, कोतदरबार, हल्थुम दरबार, ३ वर्षे बज्रबाराही जात्रा, १२ वर्षे नाच, वडा नं. ८ स्थित घोक्से राजाको भग्नावशेष दरवार, देवीस्थान बुद्धपार्क, हाँडीखोला झोलुङ्गे पुल, वडा नं. ११ स्थित वनस्पति उद्यान, तामाङ संग्राहलय, खुकुरीपार्क लगायत थाहाका अन्य रोचक पर्यटकीय गन्तव्यहरु हुन् ।

त्यस्तै कोटथुम्की, कुटिप्वाकल, टिष्टुङवनस्पति उद्यान, रातोपोखरी, आकाशदेवीगढी, पातालेश्वर गुफा, झण्डा गाडेडाँडा, केशरी भञ्ज्याङ, मंगलेश्वर, भकारी ढुङ्गा, बँदेलआल, पाथिभरा, पर्वितीय ताल सीमभञ्ज्याङ, सुनगाभा पैदलमार्ग (दामन-सीमभञ्ज्याङदेखि ईन्द्रसरोवरसम्म) मुलाबारी चौर, बाराही वन, डाँडाबास पिकनिक स्पट, आग्रा चिनारी स्तम्भ, चौवास उन्युचौर, चिसापानी कैलाशडाँडा, मकलिच पोखरी, वाथालाचुली, दामगाडे टावर पार्क, आईतबारे गुफा, बाखाफार्म, चियाबगान, पोखरीचौर, आधामारा झरना जस्ता आकर्षक पर्वतीय पर्यटकीय गन्तव्यहरु थाहामा रहेका छन् ।

प्रसिद्ध ऋषेश्वर मन्दिर, पाण्डुकेश्वर मन्दिर, झम्केश्वर महादेव मन्दिर, देउराली गुम्बा, गोरखनाथ मन्दिर, पाण्डेश्वरी महादेव मन्दिर, बाराही मन्दिर, महादेवखर्क किटिनिचौर, कुटेश्वरी मन्दिर, साम्वा छोईलिङ गुम्बा, श्रीरम्बादेवी मन्दिर, स्वच्छन्दभैरव मन्दिर, सीतापाईला धार्मिक क्षेत्र, महाँकाल मन्दिर, नागदह मन्दिर लगायत ६१ वटा धार्मिक पर्यटकीय गन्तव्यहरु संकलित विवरणमा उल्लेख छन् ।

थाहा कला केन्द्रले थाहानगरका १२ वटै वडा कार्यालयलाई पर्यटकीय गन्तव्य उल्लेख गर्ने गरी पत्राचार गरेकोमा सबै वडाबाट वडाभित्रका पर्यटकीय गन्तव्यको नाम र वडाको मूख्य सडकदेखि गन्तव्य स्थलसम्मको दुरी समेत उल्लेख रहने गरी विवरण संकलन गरेको छ । 'पर्यटनका लागि फिल्म फेस्टिवल' भन्ने नारालाई आत्मसाथ गर्दै कला केन्द्रले थाहा फिल्म फेस्टिवल-२०२३ को लागि यो विवरण संकलन गरेको हो । आउँदो मंसिर ९ गतेदेखि १५ गते (७ दिनसम्म) थाहा नगरको जेसीज हलमा फिल्म फेस्टिवल गरिने भएको छ ।

# वक्तृत्वकलामा रिमा विष्ट उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ लागूऔषध दुर्व्यसन नियन्त्रणमा सचेत विद्यार्थीको भूमिका बिषयक वतृत्वकलामा रिमा बिष्ट प्रथम भएकी छिन् । हेटौंडा जेसीजले हेटौंडा वडा नम्बर ९ मा रहेको प्रगति माविमा आयोजना गरेको वतृत्वकला कार्यक्रममा विष्ट प्रथम भएकी हुन् ।



प्रतियोगितामा सहभागी अन्य १० प्रतिस्पर्धीलाई उछिन्दै विष्ट प्रथम हुँदा लिटिलराज पौडेल द्वितीय र प्रकृति दाहाल तृतीय भएका छन् । प्रतियोगितामा ११ विद्यार्थीको सहभागिता रहेको थियो । हेटौंडा जेसीजका अध्यक्ष श्रवणकुमार बर्तौलाको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका नेता एवम् संविधानसभा सदस्य अनन्त पौडेलको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि पौडेलले पछिल्लो समय लागूऔषध दुर्व्यसन चिन्ताको बिषय बनेको बताए । उनले मकवानपुरमा लागूऔषधको प्रयोग, उत्पादन र ओसारपसार डरलाग्दोसँग विकास भैरहेको भन्दै चिन्ता व्यक्त गरे । ६० प्रतिशत अपराधका घटना लागूऔषधकै कारण हुने गरेको भन्दै उनले लागूऔषध नियन्त्रणमा सबै एक भएर लाग्नुपर्ने बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप पराजुली, हेटौंडा जेसीजका पूर्वअध्यक्ष कविन सांगामी र दीपकराज मिश्र, चैनपुर जेसीज प्रस्तावितका अध्यक्ष गणेशदर्पण अधिकारी, सिआन पुनर्स्थापना केन्द्रका सञ्चालक सौजन डिसी, हेटौंडा जेसीजका कार्यकारिणी उपाध्यक्ष अमृत बर्तौलालगायतले लागूऔषध दुर्व्यसनको बिषयमा चिन्ता व्यक्त गर्दै नियन्त्रण अभियान नै सञ्चालन गर्नुपर्ने धारणा राखेका थिए । कार्यक्रममा कवि स्वस्तिका वानियाँले लागूऔषध सम्बन्धी कविता वाचन गरेकी थिइन् ।

हेटौंडा जेसीजका पूर्वअध्यक्ष कुशकुमार रिजाल, कृष्णबहादुर कार्की लगायतको आतिथ्यता रहेको थियो । प्रतियोगिताको विजयीहरुलाई प्रमाणपत्र र मेडल प्रदान गरिएको थियो । कार्यक्रममा हेटौंडा जेसीजका पूर्वअध्यक्ष कुशकुमार रिजाल र दीपकराज मिश्र, साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपाने तथा विद्यालयका सहप्रधानाध्यापक माधवप्रसाद गौतमले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

# कमल थापाले तेस्रो जनआन्दोलन गर्ने !

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ गणतन्त्र स्वीकार्ने बताएको २० महिनापछि राजसंस्थाको एजेण्डमा फर्किएर कमल थापाले तेस्रो जनआन्दोलन गर्ने उद्घोष गरेका छन् ।




राप्रपा नेपालको काठमाडौंमा जारी केन्द्रीय समिति बैठकमा अध्यक्ष थापाले पुन: राजसंस्थाको एजेण्डमा फर्किने बताइसकेका छन् । थापाले बैठकमा कार्यपत्र प्रस्तुत गर्दै 'संवैधानिक राजसंस्थासहितको प्रजातन्त्र' राप्रपा नेपालको मुलभूत विचार हुने, राजसंस्थाको पुन:स्थापना राप्रपा नेपालको मुख्य कार्यनीतिक एजेन्डामध्ये एक हुनेछ ।', उनले भनेका छन् । गणतन्त्र र धर्मनिरपेक्षता खारेजीका लागि राप्रपा नेपाल बलियो राष्ट्रिय मोर्चा बनाएर सडक आन्दोलनमा जानेसमेत थापाले बताए । उनले यसलाई 'तेस्रो जनआन्दोलन'को संज्ञा दिएका छन् ।

'नेपाली संस्करणको मौलिक प्रजातन्त्र स्थापनाको निम्ति नेपाली जनताद्वारा, नेपाली जनताको निम्ति नेपाली जनताको आन्दोलन नै तेस्रो जनआन्दोलन हो', उनले भने । थापाले संघीय गणतन्त्रको नाममा कायम भ्रष्टतन्त्र अन्त्य गर्न सहमत हुने राजनीतिक समूह र दलहरुसँग सहकार्य र एकताको निम्तिसमेत अपील गरेका छन् । थापाको कार्यपत्र बैठकले पारित गर्नेछ । राप्रपाले राजसंस्थासम्बन्धी पार्टीको नीतिमाथि पुनर्विचारका लागि एक समिति गठन गरेको थियो । समितिले राजसंस्था पुनर्स्थापनलाई नै पार्टीको प्रमुख एजेन्डा बनाउन सुझाव दिएको छ ।

राप्रपा नेपालले धर्मनिरपेक्षता खारेज गरी हिन्दू राज्यको पुन:स्थापना गर्नुपर्ने विषयलाई आफ्नो प्रमुख एजेन्डा बनाउँदै आएको थियो । राजसंस्था पुन:स्थापनको एजेन्डालाई भने परित्याग गरेर गणतन्त्रलाई स्वीकार गर्ने निर्णय पार्टीले लिएको थियो । तर, राजसंस्थाको एजेन्डा त्याग्दा गएको चुनावमा निराशाजनक परिणाम प्राप्त भएको विश्लेषण पार्टीभित्र गरिएको छ । त्यसैले अध्यक्ष कमल थापा नै पार्टीको यो नीतिमा पुनर्विचार गर्ने पक्षमा उभिएका हुन् ।

# 'टिएफ परियोजना' बारे समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरद्वारा सञ्चालित टिएफ परियोजनाको शुक्रवार हेटौंडामा समीक्षात्मक बैठक भएको छ ।

बैठकमा सामुदायिक वन उपभोक्ता महासंघका कार्यक्रम संयोजक सुसन विक. र रुजन ओझाले परियोजना अन्तरगत हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी गाउँपालिका र मनहरी गाउँपालिकामा सञ्चालन गरिएका कार्यको बारेमा जानकारी गराएका थिए । बैठकमा डिभिजन वन कार्यालय, मकवानपुरका प्रमुख शिव सापकोटाले परियाजनाले सामुदायिक वनको विकासमा महत्वपूर्ण सहयोग गरेको र निष्क्रिय रहेका सामुदायिक वन समूहलाई सक्रिय बनाउन सबैले सामूहिक प्रयास गर्नु पर्ने बताए ।

डिभिजन वन कार्यालय, राप्ती मनहरीका प्रमुख विष्णुप्रसाद आचार्यले बढी आम्दानी भएका सामुदायिक वनले कम आम्दानी हुने सामुदायिक वनलाई सहयोग गर्नुपर्ने बताए । मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिनले सामुदायिक वनमा महिलाको सहभागिता बढाई आयआर्जनमा ध्यान दिनुपर्ने बताइन् । बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले सामुदायिक वनमा पर्यापर्यटकीय क्षेत्रको समेत काम गर्नुपर्ने बताए । हेटौडा-१० का वडा अध्यक्ष फुर्वा लामाले सामुदायिक वन समूहलाई स्वायत संस्थाको रुपमा विकास गराउनु पर्ने बताए ।

सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रामहरि चौलागाईले वर्तमान वन ऐन र नियमावली सामुदायिक वनमैत्री बनाउनु पर्नेमा जोड दिए । सञ्चारकर्मी भीमसेन पौडेलले सामुदायिक वनमा सुसासन कायम गरी संस्थागत विकास गर्नुपर्ने बताए । सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको अध्यक्षतामा भएको बैठकमा वनसँग सम्वन्धित ब्यक्तिको सहभागिता थियो ।

# असोज दोस्रो हप्ता 'मिस्टर मकवानपुर'

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ हेटौंडामा असोज दोस्रो हप्तादेखि 'तेस्रो मिस्टर मकवानपुर' आयोजना हुने भएको छ । नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघ जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा १३ असोजमा मिस्टर मकवानपुर हुने भएको हो ।




मकवानपुर जिल्लाभित्रका शारीरिक सुगठनमा रुची भएका करिब ५० जना प्रतियोगितामा सहभागी हुने अनुमान गरिएको आयोजकले शुक्रबार हेटौंडामा पत्रकार सम्मेलनमार्फत् जानकारी दिएको छ । आयोजक अध्यक्ष राजेश भेटवालका अनुसार प्रतियोगितामा करिब १२ लाख रुपैयाँ खर्च अनुमान गरिएको छ ।

प्रतियोगिताको विजेताले नगद १ लाख, द्वितीय ५०, तृतीय ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् । विभिन्न तौल समूहमा प्रथम हुनेलाई जनही नगद दश/दश हजार रुपैयाँ तथा महिलाहरु एउटै समूहमा प्रतिस्पर्धा गराइने अध्यक्ष भेटवालले बताए । प्रतियोगितामा पुरुषतर्फ ५५, ६०, ६५, ७० र ७५ केजीमाथि तौल समूहमा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा धेरै खेलाडी सहभागी गराउने क्लबलाई उत्कृष्टका रुपमा नगद २५ हजार रुपैयाँसहित सम्मानित गरिनेछ ।

प्रतियोगिताको समापन समारोहमा खेल, पत्रकारिता तथा शिक्षा क्षेत्रमा योगदान पुऱ्याउनेलाई एक/एक जनालाई सम्मानित गरिने आयोजकको तयारी छ । स्थानीय तह, प्रदेश सरकार तथा विभिन्न संघसंस्थाबाट आयोजकले सहयोग प्राप्त हुने अपेक्षा गरेको छ ।

# मकवानपुरका मोबाइल व्यवसायीलाई कर सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ मकवानपुरका मोवाइल व्यवसायीलाई शुक्रबार करसम्बन्धी सचेतना तालिम प्रदान गरिएको छ । मोवाइल एशोसिएसन अफ नेपाल (म्यान) मकवानपुरको संयोजन तथा आन्तरिक राजस्व कार्यालय हेटौंडाको आयोजनामा तालिम प्रदान गरिएको हो ।



राजस्व कार्यालयका प्रमुख करअधिकृत तुलसीप्रसाद भट्टराईको प्रमुख आतिथ्यतामा भएको तालिम नेपाल मोवाइल व्यवसायी महासंघ प्रदेश अध्यक्ष एसीस रिजाल, महासंघ केन्द्रीय सदस्य दिनेश लामा, म्यान मकवानपुरका अध्यक्ष नवराज चौलागाई, प्रशिक्षक एंव करअधिकृत गुणराज भण्डारीलगायतको आतिथ्यता रहेको थियो ।

तालिममा ६० जना सहभागी रहेका थिए । म्यान मकवानपुरले आफ्नो सदस्यलाई परिवर्तित करसम्बन्धी जानकारी दिने उद्देश्य तालिमको आयोजना गरिएको म्यान मकवानपुरका महासचिव राजकुमार दाहालले बताए ।

# ६० किलो सुनको अनुसन्धानमा प्रहरीले माग्यो इन्टरपोलको सहयोग

काठमाडौं/६० किलो सुन बरामद प्रकरणको अनुसन्धानका लागि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) को सहयोग मागेको छ ।




सीआईबीले इन्टरपोल बेइजिङमार्फत हङकङ सब-ब्यूरो र भारतको नेशनल सेन्ट्रल ब्यूरो (दिल्ली) लाई सहयोग माग्दै पत्राचार गरेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहिर ३ साउनमा बरामद सुन हङकङबाट आएको थियो । त्यसैले सुन पठाउने व्यक्तिहरु र त्यहाँको थप नेक्ससबारे सूचना प्रहरीले हङकङस्थित इन्टरपोलका अधिकारीहरु मागेको छ ।

नेपालमा बरामद सुनको गन्तव्य भारत भएकाले त्यहाँ अधिकारीहरुसँग पनि सहयोग मागिएको अनुसन्धानमा संलग्न एक अधिकृतले बताए । साथै, नेपालमा सुनसहित पक्राउ परेका चिनियाँ नागरिकहरु यसअघि भारतमा पनि पक्राउ परेको सूचना प्रहरीले पाएको छ ।

भारतको राजश्व अनुसन्धान निर्देशनालयले चलाएको अपरेशनमा विभिन्न सामग्रीभित्र राखेर आएको सुन बरामद भएको थियो । त्यसबेला हाल नेपालमा पक्राउ परेका चिनियाँ नागरिकहरुमध्ये नै पक्राउ परेको प्रहरीले प्राम्भिक विवरण फेला पारेको छ ।

'त्यसैले थप तथ्य माग्दै पत्राचार गरेका छौं', सीआईबी स्रोतले अनलाइनखबरसँग भन्यो, 'हङकङ र भारतबाट प्राप्त हुने सूचना अनुसन्धानमा निकै सहयोगी हुने अपेक्षा गरेका छौं ।'

प्रकरणमा प्रहरीले चिनियाँ नागरिक ओ फुछङ्, ली वन् सुङ, डिङ सेल्फा, ली नेङ्काई लगायतलाई पक्राउ गरेको छ । सेल्फा र नेङ्काईलाई प्रहरीले ललितपुरको डाउन टाउन अपार्टमेन्टमा छापा मारेर पक्राउ गरेको थियो ।

उनीहरुसँगै बस्ने प्रबन्ध मिलाइदिने ठमेलस्थित केटीबी कार ाओके रेष्टुरेन्टका दुई सञ्चालक पनि हिरासतमा छन् । रेष्टुरेन्ट ठमेलको होटल भियना नजिकै छ । प्रकरणमा हालसम्म पक्राउ पर्नेको संख्या २३ पुगेको छ ।

# गाँजा ओसारपसारको आरोपमा दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटेबाट प्रतिबन्धित लागूऔषध गाँजा ओसार पसारको आरोपमा दुई जनालाई पक्राउ गरेको छ ।



शुक्रबार लागूऔषध गाँजासहित पर्सा, गमरिया बस्ने ४७ बर्षीय हीरालाल साह र बारा बस्तिपुर बस्ने ४८ बर्षीय धुरन साह पक्राउ परेको प्रहरीले जानकारी दिएको छ । पूर्वपश्चिम सडकखण्ड अन्तर्गत नारायणघाटबाट वीरगञ्जतर्फ जाँदै गरेको बा प्र ०३-००१ ख २७५८ नम्बरको यात्रुबाहक बसलाई रोकेर प्रहरीचौकी रातोमाटेको प्रहरीले जाँच गरेको थियो ।

बसमा सवार साहद्वयले बोकेको झोलाबाट ५ किलो लागूऔषध गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । उनीहरुलाई लागूऔषध गाँजा सहित नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# क्यानको बागमती अध्यक्ष उठ्ने पारस खड्काको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान पारस खड्काले नेपाल क्रिकेट संघ क्यानको बागमती प्रदेश अध्यक्षमा उम्मेद्वारी घोषणा गरेका छन् ।



काठमाडौंमा शुक्रबार पत्रकार सम्मेलन गर्दै पारसले बागमतीका ४ जिल्लाको समर्थन सहित बागमती प्रदेश अध्यक्षमा उठ्न लागेको घोषणा गरे । उनी काठमाडौं जिल्ला क्रिकेट संघका कार्यसमिति सदस्य हुन् । पारसलाई काठमाडौं, ललितपुर, भक्तपुर र मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्षले समर्थन गर्ने घोषणा गरेका छन् ।

प्रदेश संरचनालाई कसरी बलियो बनाउने भन्ने सन्दर्भमा छलफल गर्दा अहिलेका महत्वपूर्ण व्यक्ति खड्का भएको र उनमा लिडरसिप क्षमता पनि भएकाले उनलाई प्रदेश अध्यक्षमा अघि बढाउन आफूहरु सहमति भएको भक्तपुर जिल्ला क्रिकेट संघका अध्यक्ष मनिषराज पाण्डेले बताए ।

उनीहरुबीच उपाध्यक्षमा मकवानपुर, सचिवमा ललितपुर र कोषाध्यक्षमा भक्तपुर जिल्ला क्रिकेट संघले तोकेका व्यक्तिलाई सहयोग गर्ने सहमति पनि भएको छ । काठमाडौं जिल्ला क्रिकेट संघका अध्यक्ष दिवाकर घलेले पारसलाई अध्यक्षको रुपमा अघि सारेको बताउँदै बागमती प्रदेशका बाँकी जिल्ललाई पनि पारसलाई नै समर्थन गर्न आग्रह गरे । बागमती प्रदेशमा चितवन र नुवाकोटमा पनि क्रिकेट संघ छ ।

# मकवानपुरमा थप १२ जनामा डेंगू संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ मकवानपुरमा थप १२ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । जिल्लामो पछिल्लो २४ घण्टामा अर्थात शुक्रबार दिउँसोसम्म गरिएको परीक्षणमा १२ जनामा डेंगू संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।



स्वास्थ्य कार्यालयका अनुसार, शुक्रबार थपिएसँगै जिल्लामा डेंगू संक्रमितको कूल संख्या २४८ पुगेको छ । यो तथ्यांक साउन १ गतेदेखिको हो । जिल्लामा सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । यहाँ १७२ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यसैगरी, मकवानपुरगढी गाउँपालिकाका २ जना, बागमती गाउँपालिकाका १२ जना, मनहरी गाउँपालिकाका ९ जना, भीमफेदी गाउँपालिकाका ५ जना, बकैया गाउँपालिकाका ५ जना र राक्सिराङ गाउँपालिकाका १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

यस्तै, यो अवधिमा हेटौंडामा अस्पतालमा ४० जनामा र अन्य जिल्लाका एक जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । यस्तै, जिल्लामा डेंगू संक्रमणका कारण साउन १ गतेदेखि हालसम्म एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडाका एक जना पुरुष रहेका छन् ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना